जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २६ •अंक १११ • २०८१ साल भाद्र २२ गते शनिबार (7 September, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपा नेपालको केन्द्रीय समिति

# निर्वाचन आयोगमा विवरण, निर्णय हुन बाँकी

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालको महाधिवेशन सम्पन्न भएको तीन महिना वित्न लाग्दा पनि निर्वाचन आयोगले महाधिवेशनलाई वैधता दिएको छैन ।

महाधिवेशन पछि जसपा नेपालले निर्वाचन आयोगमा विवरण बुझाइसकेको छ । तर त्यस सम्बन्धमा छानबिन गरी निर्णय नभएको आयोगले जनाएको छ ।

जसपा नेपालको विधानको धारा ८४ को उपधारा २ मा लोकतान्त्रिक विधि अनुरुप राष्ट्रिय महाधिवेशन वा अधिवेशनबाट पार्टीका विभिन्न समिति वा निकायका पदाधिकारीहरु निर्वाचित हुने व्यवस्था छ ।

तर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले विधान विपरित पदाधिकारीहरु स्वयम्ले मनोनीत गरेका छन् । महाधिवेशनमा पदाधिकारी र केन्द्रीय सदस्य पदका लागि २ सय ७३ जनाले उम्मेदवारी दिएका थिए । उम्मेदवारीका लागि निर्वाचन समितिले तोकेको दस्तुर समेत उम्मेदवारहरुले बुझाएका थिए ।



तर अध्यक्ष यादवले मतदान स्थगित गरी सम्पूर्ण अधिकार आफूले लिएको घोषणा गरेका थिए । त्यसपछि उनी स्वयम्ले दुई पटक गरी २ सय ४१ सदस्यीय केन्द्रीय समितिको घोषणा गरी ११ सदस्यीय कार्यकारिणी समिति र पार्टीको पदाधिकारी घोषणा गरेका छन् ।

विधान अनुसार पार्टीको महासचिवमा रामकुमार शर्मा र कोषाध्यक्षमा सुरिता साह अयोग्य रहेको पार्टीका नेताहरुले आरोप लगाउँदै आएका छन् । पदाधिकारीको अनिवार्य रुपमा चुनाव हुनुपर्नेमा उम्मेदवारी दिएका पद बाहेकका पदमा अध्यक्ष यादवले मनोनयन गरेका छन् ।

पार्टीको केन्द्रीय समिति, पदाधिकारी र कार्यकारिणी समिति सहितको विवरण निर्वाचन आयोगमा पठाइए पनि हाल सम्म त्यस विषयमा निर्णय भएको छैन ।

आयोगका सुचना अधिकारी सुमन घिमिरेले जनाए अनुसार जसपा नेपालले महाधिवेशन सम्बन्धी पार्टीको विवरण आयोगमा पठाइसकेको छ । 'जसपा नेपालबाट प्राप्त भएको विवरण सम्बन्धमा हाल निर्णय भएको छैन' उनले भने, राजनीतिक दल सम्बन्धी प्रचलित कानुन र पार्टीको विधानलाई हेरेर निर्णय गरिने छ ।

विधान र कानुन बमोजिमको प्रक्रिया अनुरुप नभएको देखिए राय सहित फिर्ता पठाइने उनले बताए ।

जसपा नेपाल विभाजन गरी अशोक राईले गठन गरेको जनता समाजवादी पार्टी (जसपा) लाई २४ घण्टा भित्रै निर्वाचन आयोगले दलको मान्यता दिएको थियो । आयोगको त्यस निर्णय विरुद्ध जसपा नेपालका अध्यक्ष यादवले सर्वोच्च अदालतमा दायर गरेको मुद्दा भदौं १३ गते पेशीमा चढे पनि हेर्दाहेर्दैमा रहेको र हाल मंसिर १६ गते पेशी तोकिएको छ ।

पार्टीको पदाधिकारी र कार्यकारिणी समिति चयनपछि उत्पन्न असन्तुष्टिलाई मत्थर बनाउन अध्यक्ष यादवले कार्यकारिणी समितिको बैठकबाट विधान संशोधन गर्ने तयारी गरेको स्रोतले जनाएका छन् । स्रोतका अनुसार असोस २, ३ र ४ गते कार्यकारिणी समितिको बैठक बोलाइएको छ ।

कार्यकारिणी समितिबाट निर्णय गरी केही असन्तुष्ट नेताहरुलाई पदाधिकारीमा र कार्यकारिणी समितिमा समेट्ने तयारी अध्यक्ष यादवले गरे पनि त्यो विधान सम्मत नहुने नेताहरुले बताएका छन् ।

जसपा नेपालमा असन्तुष्टि बढेसँगै नेता र पदाधिकारीहरु जसपामा समाहित हुन थालेका छन् । समाजिक सञ्जालमार्फत पार्टीका केन्द्रीय नेताहरु असन्तुष्टि जनाउँदै पार्टी छाड्ने संकेत दिएका छन् ।









# पतिको दीर्घायुको कामनासहित तीज मनाइँदै



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामसहित देशभर हरितालिका तीज मनाइँदै छ ।

यसपाली चौरचन र तीज पर्व एकै दिन पर्दा पनि जनकपुरधामको गंगासागरमा जम्मा भएकी महिलाहरुले दिउँसै तीज मनाइएका छन् ।

जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्वको गंगासागर पोखरीमा तीजको व्रत बसेर कथा सुने । खास गेरर विवाहित महिलाहरूले तीजको व्रत गर्ने चलन रहेको छ ।

शुक्रबारको दिन उपवास बसेर तीजको व्रत बसेको खण्डमा पतिको दीर्घायु हुने धार्मिक मान्यता रहेको छ । रातो साडीसहित शौभाग्य सूचक गरगहनाहरू लगाएर जनकपुरधामको शिव चोकमा रहेको शिव मन्दिरलगायत विभिन्न मठमंन्दिरमा पनि तीज सम्बन्धी कथावाचन गरी महिलाहरुको समूहले सुनेका छन् ।

निक्कै कठोर व्रतको रुपमा तीजलाई मानिन्छ । त्यस्तै जनकपुरधाममा रहेका पहाडी समुदायका महिलाहरूले नाचगान गरेर तीज मनाएका छन् ।

# जितिया पर्वमा विशेष समारोह आयोजना हुने

**टुडे समाचारदाता**

विराटनगर । अप्पन विराटगढ़ परोपकार समाजद्वारा १३ औं अन्तर्राष्ट्रिय जितिया पर्व समारोह - २०८१ नेपालको पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्य आउँदो असोज ३ गते विराटनगरमा कार्यक्रम हुने भएको छ ।

विगत १३ वर्षदेखि अप्पन विराटगढ़ परोपकार समाजद्वारा जितिया पर्व समारोह मनाउँदै आइरहेको



छ । नेपालमा जितिया पर्वलाई यस संस्थाले निकै महत्वका साथ मनाउँदै आइरहेको संस्थाका अध्यक्ष बसुन्धरा झाले जानकारी दिइन् ।

सो कार्यक्रममा भारत र नेपालका प्रतिष्ठित व्यक्तित्वहरुको समेत उपस्थिति रहने आयोजक संस्थाका अध्यक्ष झाले बताइन् । विराटनगरको आठ वटा वडाबाट विभिन्न जातजातिहरुद्वारा आफ्नो मौलिक पहिरनमा बृहत् कलश शोभा यात्रा, राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका ख्यातीप्राप्त मैथिल कलाकार हरुद्वारा गीत, संगीत, नृत्य र झाँकी प्रस्तुत गरिने छ । त्यस्तै सो कार्यक्रममा विराटनगरका विभिन्न स्कुलका विद्यार्थीहरुद्वारा मनमोहक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिने छ । सो समारोहमा मैथिली चित्रकलाको प्रदर्शनी र स्टलहरुसमेत राखिने आयोजकले जनाएको छ ।

यसका साथै जितिया पर्वको विधि-विधान र महिमाबारे संस्कृतिविदहरुले चर्चा परिचर्चा समेत गर्ने कार्यक्रम रहेको छ । सो समारोहमा समाज र देशको विकासमा विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिएका सामाजिक अभियन्ताहरुलाई सम्मानित गर्ने उनले बताइन् ।

आयोजक समितिले यसपाली २५ देखि ३० हजारसम्म दर्शकहरुको सहभागिता रहने छ ।

आफ्नो भाषा, कला, संस्कृति, पर्वत्यौहार, साहित्य, सभ्यताको पहिचान, संरक्षण, संवर्द्धन र यसको विकासका लागि कार्यक्रमलाई प्रत्यक्ष तथा परोक्षरुपमा समेत अनलाइनको माध्यमबाट जितिया पर्व समारोहको अवलोकन गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

# चौरचन पर्व मनाइयो

टुडे समाचारदाता

जनकपुरधाम । मिथिलाञ्चल क्षेत्रमा अत्यन्तै श्रद्धा र विधिपूर्वक चौरचन पर्व शुक्रबार सम्पन्न भएको छ । भदौं शुक्लपक्ष चतुर्थीका दिन मिथिला क्षेत्रमा मधेशी र थारु समुदायले विशेष महत्वका साथ चौरचन पर्व मनाएका छन् । यस वर्ष तिथि फरक भए पनि हरितालिका तीज र चौठचन पर्व एकै दिन मनाएको छ । शुक्रबार साँझ चन्द्रमाको पूजा गरी सो पर्वमा नयाँ माटोको भाँडामा जमाइएको दही, मिठाइ, नरिवल, केरा, अम्बा, पुरीलगायतका सामग्री प्रसादको रुपमा राखेर चन्द्रमालाई पूजा गरी हातमा फल एवं पूजा सामग्री लिइ दर्शन गरी प्रसाद ग्रहण गरे परम्परा रहेको छ ।



पूजा सकिएपछि पूजाका लागि आँगनमा बनाइएको चतुष्कोण यज्ञस्थलमै बसेर घरका पुरुष सदस्यहरु प्रसाद ग्रहण गरेका छन् ।

शुद्ध तथा चोखो तरिकाले तयार पारिएको प्रसाद सामाग्रीहरू, फलफूल, दही सहितका अन्य सामाग्रीहरू डालामा सजाएर साझ पख आँगन गाइको गोबरले लिपपोत गरेर त्यसमा अरिपन गरी अरिपनमाथि राखी भगवान् चन्द्रमाको विधिपूर्वक पूजा गरेको थियो ।

व्रतीले केराको पातमा खीर पुरी सहितका अन्य सामाग्री पनि भगवान् चन्द्रमालाई चढाएको थियो ।

चन्द्रमाको पूजा सम्पन्न भएपछि परिवारका हरेक सदस्यहरुले एक एक गरी हातमा लिएर भगवान् चन्द्रमाको दर्शन गरेको थियो ।

घरपरिवारजनका सबै सदस्यले दर्शन गरेपछि पर्वको विसर्जन गरेर प्रसादको रुपमा वितरण गरी खाने तथा इष्टमित्रलाई खुवाउने गरिन्छ ।


परिवार जनको कल्याण, सुख शान्ति तथा समृद्धिको कामना सहित प्रत्येक वर्ष भाद्र शुक्लपक्ष चतुर्थी तिथिका दिन चौरचन पर्व मनाएको छ ।

# नेपाली बजारमा बोटको व्यापारमा ४ गुणाले वृद्धि

**टुडे समाचारदाता**

काठमाण्डु ।

भारतको नम्बर एक अडियो र वेयरेवल ब्राण्ड बोटले २०७९ फाल्गुनमा नेपाली बजारमा सार्वजनिक भएसँगै निरन्तर सफलता हासिल गर्दै आएको छ साथै अहिले नेपाली बजारमा बोटको व्यापार तुलनात्मक रुपमा ४ गुणाले बढेको देखिन्छ र आय दोब्बर भएको छ ।




नेपाली बजारको लागि नेपालमा टेलिटक प्राइभेट लिमिटेड सँग सहकार्य गर्दै आएको बोटले नयाँ प्रविधियुक्त प्रिमियम अडियो र लाइफस्टाइल उत्पादनहरुको बजारीकरण गर्दै आफ्नो क्षेत्रिय नेतृत्वलाई अझ सुदृढ बनाउने योजना बनाएको छ ।

नेपालमा सार्वजनिक भएसँगै बोटअडियो र वेयरवल्समा प्रमुख ब्राण्डको रुपमा स्थापित गर्न सफल भएको थियो साथै पछिल्लो दुई आर्थिक वर्षमा निरन्तर रुपमा ब्राण्ड भ्यालुको आधारमा पहिलो र भोल्युमको आधारमा दाम्रो स्थान ओगट्न सफल रहेको छ । नेपालको प्रमुख ई:कमश दराजमा सार्वजनिक हुँदा पनि बोटले किर्तीमानी विक्री गर्दै त्यो सफलतालाई निरन्तर रुपमा अघि बढाउँदै गएको छ ।

बोटले आफ्नो उत्पादनहरुको बढ्दो मागलाई ध्यानमा राखी नेपाली उपभोक्ताहरु माझ नवीन प्रविधि र उच्च गुणस्तरयुक्त उत्पादनहरु प्रदान गर्ने प्रतिबद्धताका साथ टिडव्लुएस मोडेलहरू, निरभाना आइओएन,एयरडोप सुप्रिम र एयरडोप ९१ का साथ वेभ कल २ स्मार्टवाच र पावरबैंकहरु पनि उपलब्ध गराउँदै छ ।

बोट का उत्पादनहरू अब नेपालभरि १,००० भन्दा बढी रिटेल र मोबाइल पसलहरूमा उपलब्ध छ र ब्राण्डको स्थापना देखि नै दराजमा एक प्रमुख बिक्री कर्ताको रूपमा प्रस्तुत भइरहेको छ । दराजमा उपलब्ध बोट का ८०% भन्दा बढी एसकेयुले ४ स्टार भन्दा माथिको रेटिङ प्राप्त गरेका छन् जसले उपभोक्ता सन्तुष्टि र विश्वासलाई देखाउँदछ ।

बोट ले नेपालभरि १० भन्दा बढी टचप्वाइन्टहरुबाटग्राहकवर्गलाई वारेन्टी लगायतका विभिन्न सेवाहरु प्रदान गर्दै आएको छ । यसै कारणले बोट नेपाली बजार तथा ग्राहक सेवामा समर्पित रहेको प्रमाण पनि गर्दछ र बोटलाई अन्य ब्राण्डहरू भन्दाभिन्न दर्शाउँछ ।

नेपालमा आफ्नो निरन्तर सफलतालाई प्रवर्द्धन गर्न, बोट ले यही भाद्र २० देखि भाद्र २६ (सेप्टेम्बर ५ देखि ११) सम्म दराजमा बोटथेडडेज नामक ब्राण्ड वीक सेलआयोजना गरिरहेको छ। यस अवधिमा, ग्राहकहरूले चयन गरेका उत्पादनहरूमा ७०% सम्मको छुटका साथै बोट का प्रिमियम अडियो र लाइफस्टाइल उत्पादनहरू किफायती मूल्यमा लिन सक्नेछन् ।

'नेपालमा हाम्रो यात्रा उल्लेखनीय वृद्धि र सफलताका साथ उपभोक्ताहरुबाट प्राप्त अभूतपूर्व सकारात्मक प्रतिक्रियाले प्रेरित छन् । गुणात्मक बृद्धिसँगै, हामी नेपाली बजारमा नवीन र उच्च-गुणस्तरीय उत्पादनहरू प्रदान गर्न अझै प्रतिबद्ध छौं । टेलिटकसँगको हाम्रो साझेदारीले हामीलाई अझ बढी उपभोक्तासम्म पुग्न सक्षम बनाउने छ र यस क्षेत्रमा निरन्तर वृद्धिकोआशा राखेका बोट(इमेजिन मार्केटिङ लिमिटेड) काप्रवक्ताले बताउनुभयो' ।

# यसरी मनाए कलाकारले तीज

काठमाण्डु।शुक्रबारसबेरैनुहाएर घरकै मन्दिरमा पूजा गरिसकेपछि अभिनेत्री केकी अधिकारी पाटन दरबार क्षेत्र पुग्नुभयो । उहाँ १५ वर्षदेखि तीजको व्रत बस्दै आउनुभएको छ । सदाझैँ यो वर्षको तीजमा पनि उहाँ फलफूल र पानी खाँदै फिल्म सुटिङमा व्यस्त हुनुभयो ।

शुक्रबार उहाँ दिनभरि नै 'के घर के डेरा' फिल्मको सुटिङमा व्यस्त हुनुभयो । व्रत बस्दा सकारात्मक सोच आउने र काम गर्नमा थप स्फुर्ति बढ्ने उहाँको अनुभव छ । तीजमा व्रत बस्नु उहाँको लागि स्वास्थ्यका दृष्टिले लाभदायक हुनु हो । "तीजको बेग्लै धार्मिक महत्व छ", उहाँले भन्नुभयो, "म स्वस्थ्य रहन पनि तीजको व्रत बस्छु ।"

अभिनेत्री प्रियङ्का कार्की तीजमा म्युजिक भिडियो बनाउनमा व्यस्त हुनुभयो । तीज पर्व कलाकारका लागि कमाउने उपयुक्त पर्व बन्न थालेको छ । कार्कीले जति तीज गीतको नृत्य गरेर यसको सांस्कृतिक महत्व दर्शकमाझ बुझाउनुभएको छ, त्यति उहाँको वास्तविक जीवनमा मेल खाँदैन । तीजको दिन उहाँ चितवनमा 'हिमालय रोडीज' को सुटिङमै व्यस्त हुनुभयो । उहाँलाई तीजपर्व मनाउन खासै जरुरी लाग्दैन । काम गर्नु नै उहाँको उत्सव हो । त्यसैले उहाँको विचारमा पर्व मनाउनु भनेको शरीरलाई दुःख दिनु होइन ।



गायिका सुनिता दुलाल प्रत्येक वर्षझैँ तीज मनाउन अष्ट्रेलिया पुग्नुभयो । तीजमा नचाउन एक साताअघि अष्ट्रेलिया पुग्नुभएको उहाँले यसअघि नेपालगञ्ज र सुर्खेतमा तीज सांस्कृतिक कार्यक्रम गर्न भ्याउनुभयो ।

स्वदेशमा भन्दा विदेशमा रहेका नेपालीले तीज पर्व महत्त्वका साथ मनाउने गरेको उहाँको अनुभव छ । तीजमा व्रत बस्ने विषयमा थुप्रै गीत गाइसक्नुभएकी गायिका दुलाल आफू भने तीजमा अहिलेसम्म व्रत नबसेको बताउनुभयो । "भोकै बसेर पर्व मनाउने होइन", उहाँ भन्नुहुन्छ, "नाचेर, हाँसेर, गाएर रमाइलो गरेर तीज मनाउनु पर्छ । मैले यसरी मनाउँदै आएकी छु ।"

गायिका रितु कँडेलले तीज नारीहरुले सुखदुख साट्ने पर्वको रूपमा लिने गरेको उहाँले बताउनुभयो । दिनमा तीनदेखि चार ठाँउ तीज कार्यक्रममा पुगेर साङ्गीतिक प्रस्तुति दिनुभएका उहाँले एक महिनामा राम्रो आम्दानी गरेको सुनाउनुभयो । तीज गीत गाउनुका साथै गायिका कँडेल नारीलाई आफ्नो स्वास्थ्यका ख्याल गरेर मात्रै व्रत बस्न सुझाव दिनुहुन्छ । उहाँ फलफूल खाएर व्रत बस्नुहुन्छ भने अरुलाई रमाइलो गराएर तीज पर्व मनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "समय फेरियो । पर्व पनि फेरिँदैछन् । तीज अब आँसु झारेर होइन, उत्सव गरेर मनाउनु पर्छ ।"रासस

# लोसपाको केन्द्रीय कार्य समिति केन्द्रीय महाधिवेशन तयारी समितिमा परिणत




काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले मौजुदा केन्द्रीय कार्य समितिलाई केन्द्रीय महाधिवेशन तयारी मूल समितिमा परिणत गरेको छ । यही भदौ १९ र २० गते काठमाडौँमा पार्टी अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा बसेको केन्द्रीय पदाधिकारी बैठकले आगामी वैशाख २६ गते केन्द्रीय महाधिवशेन आयोजना र त्यसका लागि कात्तिक मसान्तभित्र सदस्यता अभियान सम्पन्न गर्ने निर्णय गरेको हो ।

बैठकले संविधान संशोधनका लागि विगतमा उठाइएका मधेसका सबै मुद्दाको सङ्कलन गर्दै मधेसी, थारु र अन्य उत्पीडित जनताका अधिकार कायम गराउन सबै दलसँग सहकार्यका लागि अपिल गर्ने निर्णय गरेको अध्यक्ष ठाकुरले जानकारी दिनुभयो ।

लोसपाले संविधान संशोधनको एजेण्डा तय गर्न वरिष्ठ नेता लक्ष्मणलाल कर्णको संयोजकत्वमा दानबहादुर विश्वकर्मा र परमेश्वर साह सदस्य रहने गरी तीन सदस्यीय कार्यदल बनाएको छ ।

बैठकले बृहत राजनीतिक शाक्ति अभियान निर्माणमा सहकार्य गरेका सबै व्यक्ति र शाक्तिलाई पार्टीमा गोलबन्द हुन आह्वानसमेत गरेको छ । माध्यामिक शिक्षा परीक्षा (एसइई) को परिणाम खस्किदै गइरहेकामा चिन्ता व्यक्त गर्दै लोसपाले विषयगत शिक्षकको आभाव र समय सापेक्ष पाठ्यक्रम नभएका कारण नतिजा खस्केको निष्कर्ष निकालेको छ । पार्टीले विषयगत शिक्षकको नियुक्ति तथा समय सापेक्ष सीपमुलक पाठ्यक्रमको निर्माण गर्न सरकारसँग माग गरेको छ ।

मधेस प्रदेशलगायत अन्य जिल्लामा बालिनाली सुक्खाग्रस्त भएकाले किसानलाई अल्पकालीन र दीर्घकालीन व्यवस्थापन गर्न सरकारसँग माग गर्ने निर्णय गरिएको अध्यक्ष ठाकुरले जानकारी दिनुभयो ।

लोसपाले ऊखु किसानले हालसम्म नेपाल सरकारबाट पाउनुपर्ने अनुदान प्राप्त गर्न नसकेकाले तत्काल अनुदान निकासको लागि माग गरेको छ ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



तीज मनाउँदै व्रतालुहरु। *तस्विर रासस*

# मिथिलाञ्चल क्षेत्रमा चौरचन पर्वको रौनक

जनकपुरधामाजनकपुरधामसहित सम्पूर्ण मिथिलाञ्चल क्षेत्रमा अहिले चौरचन पर्वको रौनक देखिएको छ । मिथिलाको महत्त्वपूर्ण पर्वका रुपमा रहेको चौरचन पर्व मनाउन बजारमा किनमेल गर्नेहरूको अहिले बिहानदेखि नै अत्यधिक भीड छ । व्रती तथा तिनका परिवार पर्वको तयारीमा जुटेका छन् ।

जनकपुरधामको पेठिया बजार, जानकी चोक, राममन्दिर तथा बाह्रबिघा रङ्गभूमि मैदान क्षेत्रमा किनमेल गर्नेको भीड देखिएको थियो । यसका साथै ग्रामीण क्षेत्रका बजारहरूमा पनि किनमेल गर्नेको अत्यधिक भीड देखिएको थियो । चौरचनमा प्रयोग हुने माटाको भाँडावर्तन एक साता अगाडि नै किनेका भए पनि फलफूल तथा अन्य पूजाका सामग्री आजसम्म किनमेल गरिने भएकाले बजारमा भीड बढेको हो ।

मिथिलाका ठूला पर्वमध्ये एक रहेको चौरचन पर्वमा चन्द्रमालाई पूजा गर्ने परम्परा छ । मिथिलामा सूर्यको मात्र होइन, मानवसहित सम्पूर्ण जगत्लाई शीतलता दिने चन्द्रमाको पनि पूजा गर्ने चलन रहेको छ । यो पर्व भदौ महिनाको शुक्लपक्ष चौथी तिथिका दिन मनाइन्छ । मधेसी समुदायले यसलाई छठपछिको दोस्रो ठूलो पर्वका रूपमा मनाउने गर्दछन् ।

चौरचन पर्वका दिन व्रत बस्ने चलन छ । यस पर्वको माध्यमबाट मैथिल कला, संस्कृतिको उजागर हुने प्राज्ञ तथा वरिष्ठ पत्रकार रामभरोस कापडी बताउनुहुन्छ । "खासगरी आँगनमा पूजा हुने भएकाले चामलको पिठोको कलात्मक अरिपन बनाई, त्यसमाथि पूजाका सामग्री राखेर धार्मिक विधिपूर्वक पूजापाठ गरिन्छ । सो क्रममा नयाँ माटोको भाँडाको दही, केरा, मिठाई, फलफूलका साथै विभिन्न प्रकारका पकवान राखेर विभिन्न देवीदेवतालाई चढाइने गरिन्छ", कापडीले भन्नुभयो ।

प ू ज ा म ा विशेष परिकार बनाउने चलन रहेकोक्षीरेश्वरनाथनगरपालिका-५ महेन्द्रनगरका गीतादेवी साह बताउनुहुन्छ । प्रसादका रूपमा पिरकिया, खजुरी, खाजा, पुरी र खिर घरघरमा बनाउने चलन छ । फलफूलका अतिरिक्त दहीले पनि गणेश र चन्द्रमाको पूजा गरिन्छ । चौथीको दिन चन्द्रदेवलाई खाली हात दर्शन गर्ने नहुने मान्यताअनुसार चौरचन पर्व मान्ने परिवारजनले हातमा केरा, स्याउ, अम्बा, अनार, काँक्रो, घरमा तयार पारेको पकवान, मिठाई, गाँजरजस्ता सामग्री लिएर दर्शन गर्ने परम्परा छ । दिनमा प्रसाद बनाउने र बेलुका पूजा गर्ने गरिन्छ ।

पण्डित इन्द्रकान्त झा शास्त्रीका अनुसार यो पर्वको प्रारम्भ मिथिला नरेश हेमाङ्ग ठाकुरद्वारा भएको मानिन्छ । ठाकुर आफैँ ज्योतिष हुनुहुन्थ्यो । उहाँलाई यो तिथिमा शुभफल प्राप्त भएकाले यस पर्वको सुरुआत गरेको मान्यतो छ । मैथिल समाजका धेरैजसो परिवारमा यो व्रत गर्ने भाकल गरिएको हुन्छ । परिवारमा कसैलाई कुनै कष्ट भएका बेला यो पर्व गर्ने भाकल गरेर कष्ट



निवारणका लागि चन्द्रमालाई बिन्ती गरिन्छ । यस्तो भाकल पाँच-दश वर्षका लागि पनि गरिन्छ भने कतिपय अवस्थामा यो आजीवन हुने गर्दछ ।

जनकपुरधामउपमहानगरपालिका-४ की ज्योतिदेवी झा झण्डै एक दशकदेखि यो व्रत बस्दै आउनुभएको छ । उहाँका अनुसार चतुर्थीका दिन दिनभर उपवास बसी नैवेद्य लागि पकवान पकाइन्छ । साँझ भएपछि चन्द्रमाको विशेष विधिपूर्वक पूजा गरी यो पर्व सम्पन्न हुने झा बताउनुहुन्छ । मिथिलाको लोकपर्व चौरचनको बेला गणेश र चन्द्रमाको कथा सुन्ने परम्परा रहिआएको छ ।

**चौरचन पर्वको महत्व**

चौरचन पर्व मिथिला क्षेत्रको पारम्परिक लोकपद्धतिमा आधारित पर्व रहेको संस्कृतिविद् डा राजेन्द्र बिमलले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीकहाँ जति लोकपरम्परा छ त्यसमा कुनै प्रकारको भेदभाव हुँदैन । यसमा कुनै तामझाम हुँदैन । यसमा प्रयोग हुने विभिन्न सामग्रीजस्तै माटोको भाँडा, फलफूल, पिठोबाट बनेको परिकार, दहीलगायतका सम्पूर्ण सामग्री आफ्नै घरआँगनबाट उत्पादन भएको प्रयोग हुन्छ ।"

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका पण्डित लालबाबु झाका अनुसार चौरचन पर्वको आयोजना भाद्र शुक्ल चतुर्थी तिथिका दिन रातिमा मनाइन्छ । यो वास्तवमा चन्द्रमाको पूजा हो । भनिन्छ यो तिथिमा चन्द्रमालाई नाङ्गो आँखाले हेर्दा कलङ्क (अपयश) लाग्ने हुनाले पूजा गरी अर्थात् खाद्यान्न, फलफूल, दही आदिको अर्घ्य दिएर चन्द्र-दर्शन गर्दा त्यो अपयशबाट बच्न सकिन्छ ।

**पर्वको प्रारम्भ**

मिथिलाञ्चल क्षेत्रमा मनाइने विभिन्न लोक पर्वको प्रारम्भबारे प्रमाणिक तथ्य केही उपलब्ध छैन । जसरी यो समाजले आफ्नो आवश्यकता, सहुलियत आदिकै आधारमा यसलाई ग्रहण गरे । त्यो कतै अभिलेखका रूपमा पाइँदैन । यो पिँढी दरपिँढी हस्तान्तरण हुँदै आए । तर पनि केही अवधारणा यस पर्वको प्रारम्भको पृष्ठभूमिमा छ जसलाई यसरी प्रस्तुत गरिएको छ ।

मिथिलाञ्चल क्षेत्रमा डाक वचन अत्यन्त प्रमाणिक र लोक ज्योतिषशास्त्रकै ऋचाजस्तै स्वीकार गरिएका छन् । कृषि कर्मबारे उनका वचन अत्यन्त सटिक हुन्थ्यो । आज पनि मिलेको छ तर पर्यावरणीय अव्यवस्थाले गर्दा तलमाथि हुने गर्दछ ।एउटा वचन चलिआएको छ, 'काशी कुशी चौठी चान, आब की रोपबह धान किसान' अर्थात् चतुर्थी (शुक्ल चतुर्थी)को चन्द्रमा आकाशमा देखिसकेपछि धानको रोपाइँ गर्नु हुँदैन, गर्ने बेला गइसकेको हुन्छ । यो बोल लगभग एक सय वर्ष पूर्व डाकद्वारा व्यक्त गरिएकाले यसको व्यवहार त्यसभन्दा अगाडिदेखि नै समाजमा भएको अनुमान गर्न सकिन्छ ।

**चौरचनको कथा**

मिथिलाञ्चल क्षेत्रमा मनाउने चौरचनको विभिन्न प्रचलित कथा रहेको सुन्दर सदनका बाबा नबल किशोर बताउनुहुन्छ । उहाँका अनुसार श्रीकृष्णलाई यसै दिन स्यमन्तक मणिको प्रसङ्गमा लागेको कलङ्क छुटेकाले यस पर्वको पौराणिक महत्त्व पनि स्थापित भएको छ ।

त्यसैगरी श्रीमदभागवतमा पनि एउटा कथा रहेको छ । द्वापरमा द्वारिकापुरीमा सत्रजीत नामको एउटा गरिब यादव भगवान् सूर्यको अराधना गरी निकै उत्कृष्ट मणि प्राप्त गरेका थिए । विधिपूर्वक पूजा गरेपछि उक्त मणिबाट प्रतिदिन २० मन सुन प्राप्त गर्थे रे यादवले । उनी छिट्टै धनाढ्य हुन पुगे । यो खबर चारैतिर फैलियो । एक दिन राजाको दरबारमा सत्रजीत मणि गलामा धारण गरेर नै पुगेछन् । मणिको प्रभावले चारैतिर प्रकाशित भएर दरबार नै चकमक्क भयो ।

श्रीकृष्णले यादवलाई मणि राजालाई दिन आग्रह गर्नुभयो । तर उनले मानेनन् र बहाना बनाई घर फर्किहाले । घरमा गएपछि राजाले मणि लिने डरले भाइ प्रसेनजीतलाई मणि जिम्मा लगाई सुरक्षासाथ जङ्गल पठाए । कालक्रममा प्रसेनजीतको मृत्यु भएपछि उक्त मणि एउटा सिंहबाट जाम्बवन्त नाउँको बलशाली भालुले हात पारे । भालुको निवास एउटा विशाल गुफामा थियो ।

जब प्रसेनजीतको मृत्यु र मणि हराएको खबर राजाकहाँ आयो तब उसको सन्देह श्रीकृष्णमाथि नै गयो । आफूमाथि लागेको कलङ्क धुन श्रीकृष्ण जङ्गल गए र निकै खोजबिन गरेपछि त्यहाँ उपलब्ध साक्ष्यहरूका आधारमा आशङ्का गर्दै त्यस गुफाभित्र प्रवेश गरे । दश दिनभन्दा पनि बढी गुफाबाट श्रीकृष्ण बाहिर नआएपछि सँगै आएका सैनिक निराश भई राजधानी फर्के । त्यहाँ श्रीकृष्णको लागि निकै शोकलहर चल्यो ।

समय बित्दै जाँदा अठ्ठाइसौँ दिन श्रीकृष्ण मणि र एक सुन्दर महिला साथ राजधानी फर्के । वास्तवमा जामवन्त भालुसँग लडाइँ गर्दै अन्तमा उनलाई हराएर मणिका साथ उनकी छोरी जाम्ववतीलाई लिएर उनी आएका थिए । त्यो दिन भाद्र शुक्ल चतुर्थीकै दिन थियो । श्रीकृष्णको कलङ्क मुक्तिको त्यो दिनलाई स्मरणार्थ चन्द्रपूजाको विधान रुपान्तरित भएको विश्वास छ ।रासस

# विपन्न र अनाथ २७ जनाका शैक्षिक अभिभावक खड्का



महोत्तरी । "मैले पढ्ने कुरामा कहिल्यै पैसाको चिन्ता गर्नु परेन, अब फार्मेसी विषयको डिप्लोमा तह तार लगाउने ठाउँमा पुगेकी छु", बर्दिबास-११ खयरमाराको सुन्दरबस्तीस्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयमा फार्मेसी विषय अन्तिम वर्षको अध्ययन जारी राखेकी बर्दिबास-३ गौरीडाँडाकी वर्माशाखा भन्नुहुन्छ, "पद्मशम्शेर स्मृति प्रतिष्ठानले मेरो शैक्षिक शुल्कको पूरै भार उठाइदिएपछि ढुक्क भएर पढ्न पाएकी छु ।"

दलित भनिने सार्की जाति समुदायकी वर्माशाखाजस्ता प्राविधिक धार र वाणिज्य तथा शिक्षा सङ्कायमा स्नातक गरिरहेका समेत अहिलेसम्म २७ जना छात्रछात्राको शैक्षिक अभिभावकत्व प्रतिष्ठानले उठाएको छ । यी सबैको शैक्षिक शुल्कको भार प्रतिष्ठानका तर्फबाट बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्काले उठाउनुभएको छ ।

"बा कहाँ ? आमा कहाँ ? अगाडि पढ्न सकुँलाजस्तो लागेको थिएन", आफ्नो भन्ने घर नभएकी बर्दिबास-१ मा डेरा गरी बसेकी कृति महत भन्नुहुन्छ, "तँ आँट, सघाउने तेराअघि आइपुग्छ भन्ने सुन्थे, मलाई त्यस्तै भयो, प्रतिष्ठानले मेरो पढ्ने रहर पूरा गरायो ।" महत बर्दिबास-३ गौरीडाँडास्थित जनता माध्यमिक विद्यालयमा प्राविधिक धारको बाली विज्ञान विषयमा डिप्लोमा तहको अध्ययन गरिरहनुभएको छ ।

विसं २०७७ देखि आफ्ना स्वर्गीय पितामाताको स्मृतिमा बर्सेनि नयाँ शैक्षिकसत्र सुरु हुने बेला भएपछि खड्काले प्रतिष्ठानका तर्फबाट छात्रवृत्तिको प्रक्रिया थाल्नुहुन्छ । यसक्रममा हालसम्म (२०८० को नयाँ सत्रसम्म) २७ जनाको शैक्षिक शुल्कको अभिभारा प्रतिष्ठानले उठाएको छ । "२०७७ देखि २०८० सम्मका २७ जना छन्, यसपालि (२०८१) का लागि छात्रवृत्तिमा तीनजनाको नाम छनोट भएको छ, अब उनीहरूले चाहेका शिक्षालयमा भर्ना पाउनेछन्", खड्का भन्नुहुन्छ, "यो कामले मलाई स्वर्गीय आनन्द दिएको छ, पढ्ने कुरामा सहयोगी हुन पाउँदा मज्जाको खुसी पाइँदोरहेछ ।"

नयाँ शैक्षिकसत्र सुरु हुनुपूर्व खड्काको व्यस्तता बढ्छ । अभिभावक नभएर वा अर्थाभावले नै उच्च शिक्षा र प्राविधिक धारको सीपयुक्त शिक्षा पढ्न नपाएकाहरूको खोजी गर्नु र उनीहरूलाई इच्छित विषय पढ्न सघाउन बस्तीबस्ती खोज्दै हिँड्ने गर्नुभएका खड्काको नयाँ शैक्षिकसत्र सुरु हुनासाथ व्यस्तता बढ्ने गरेको हो ।

माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा प्रकाशनसँगै खड्का नेतृत्वको पद्मशम्शेर स्मृति प्रतिष्ठान बर्दिबासले प्राविधिक धारको शिक्षा पढ्न चाहनेका लागि छात्रवृत्ति आवेदनको सूचना जारी गर्छ । त्यसलगत्तै आवेदकहरूको योग्यता परीक्षा लिने, नतिजा प्रकाशन गर्ने र उत्तीर्णमध्ये अत्यन्त कमजोर अर्थावस्था र अभिभावकविहीन को-को छन् घरघरै पुगेर अनुगमन गरेपछि प्रतिष्ठानले छात्रवृत्ति पाउनेको अन्तिम सूची प्रकाशन गर्ने गरेको छ । यसक्रममा सुरुदेखिका सबै प्रक्रिया स्थानीय प्रशासनका अधिकृत प्रतिनिधि, स्थानीय तहका शिक्षा शाखाका अधिकृत, स्वतन्त्र पत्रकार र शिक्षकहरू सम्मिलित छात्रवृत्ति निर्णायक समितिले गर्ने गरेको खड्काले स्पष्ट पार्नुभयो ।

आफ्नो घरको गरिबीले उच्च शिक्षा लिन नपाएको बताउने खड्काले पछिल्ला वर्षहरूमा थालेका व्यवसायबाट केही आर्जन हुँदै गएपछि आर्जनको निश्चित प्रतिशत प्रतिष्ठान कोषमा जम्मा गरेर त्यसैबाट विपन्न र अभिभावकविहीनको पठनपाठन खर्च व्यहोर्दै आउनुभएको छ । बर्दिबास चोकमा सञ्चालित होटल विनायक, विनायक बैङ्क्वेट र सगरमाथा हार्डवेयर पसल खड्काका व्यापारिक प्रतिष्ठान हुन् । "खासमा विनायक होटलले मलाई प्रतिष्ठानको सङ्कल्पमा सघाएको छ", खड्का भन्नुहुन्छ, "जीवनसँगै मृत्यु जोडिएको सत्य र मर्दा चार हात कात्रोबाहेक केही साथ नजाने कुराले मलाई कमाइबाट केही पुण्य काम गर्नुपर्छ भन्ने चेत खुल्यो, यसमा मैले शिक्षालाई रोजे ।"

खड्का आफैँ संरक्षक रहनुभएको प्रतिष्ठान उहाँका स्वर्गीय माता पद्मकुमारी र पिता शम्शेरबहादुरका नाममा स्थापित संस्था हो । प्रचलित कानुनअनुसार दर्ता गरिएको यो संस्था शैक्षिक गतिविधिमा सघाउ पुर्याउने उद्देश्यले नै गठन गरिएको खड्का बताउनुहुन्छ । "मैले एसएलसी पास गरेपछि गरिबीकै कारण अघि पढ्न पाइनँ, यो कुराले मलाई घोचिरहन्थ्यो, पछि केही आर्जन गर्नसक्ने भएँ, त्यसैले पढ्न अर्थाभाव भएकाहरूलाई सघाउने निधोमा पुगेँ", खड्काले छात्रवृत्तिको नालीबेली खोल्दै भन्नुभयो । यस कुरामा आफ्ना स्वर्गीय पितामाताको इच्छा पनि पूरा गरेको सन्तोष मिल्ने गरेको खड्काको भनाइ छ । "मेरा बाआमा दुवैको चौबिस घण्टाभित्र निधन भयो, निधनअघि बाआमाले गरिब र अनाथलाई गर्न सकिछस् भने केही सहयोग गर्नु भन्नुभा'थ्यो, त्यो वचनले पनि मलाई झकझक्यायो ।"

खड्काले शैक्षिक अभिभावकत्व लिएका छात्रछात्राले आफूहरूको परीक्षा अघिपछि फोन गर्ने गर्नुभएको र चाडपर्वमा सम्झने गर्नुभएको बताएका छन् । शैक्षिक शुल्कको अभिभारामात्र नभएर उहाँ (खड्का) अन्य दुःखसुखका कुरा सुन्ने र निरन्तर वास्ता गर्ने घरकै अभिभावकसरह रहनुभएको अहिले निर्मल लामा बहुप्राविधिक शिक्षालयमा सिभिल इन्जिनियरिङ विषय डिप्लोमा तहको अन्तिम वर्षका छात्र अमर रसाइली बताउनुहुन्छ ।

बर्दिबास नगरक्षेत्रलाई आधार बनाएर खड्काले सुरु गर्नुभएको छात्रवृत्तिले अहिलेसम्म चारजनाले प्राविधिक धारको डिप्लोमा तह उत्तीर्ण गरी कोही उच्च शिक्षाका लागि र कोही कामका लागि विदेश गएका छन् । यिनीहरूको सफलताले आफूलाई यस कार्यमा झन् उत्प्रेरित गर्ने गरेको खड्का बताउनुहुन्छ ।

शिक्षा क्षेत्र त्यसमा पनि प्राविधिक धारको पठनपाठन हुनुपर्ने खड्काको धारणा छ । खड्काले साधारण कलेजका स्नातक तहका विद्यार्थीलाई पनि सघाउनुभएको छ । तर सीपयुक्त शिक्षाले आर्थिक रूपमा आत्मनिर्भर बनाउन र आकर्षक रोजगारीको अवसर दिने हुँदा आफूले प्राविधिक धारको पठनपाठनमा उत्प्रेरित गर्ने गरेको खड्का बताउनुहन्छ । "मेरो २०७७ यता बर्सेनि सालाखाला छात्रवृत्तिमा १५ लाख खर्च हुने गरेको छ", खड्का भन्नुहुन्छ, "तर मलाई खर्चको चिन्ता हैन, छात्रवृत्ति पाएकाहरूले राम्रो पढेर सीपयुक्त बनुन् भन्ने लाग्छ ।" अहिलेसम्म बर्दिबास नगर क्षेत्रलाई मात्र आधार बनाएका खड्काले अब छिमेकका स्थानीय तहमा विस्तार गर्ने सोच बन्दै गएको बताउनुभयो । यस क्रममा बर्दिबाससँग सीमा जोडिएका महोत्तरीका स्थानीय तह थप्ने गरी सोचिएको उहाँको भनाइ छ ।रासस


JV OF CIVIL INFORMATICS AND SOLUTIONS P. LTD & MEH CONSULTANTS P. LTD.

MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME
MLRBP - IV
Government of Nepal in collaboration with Swiss Agency for Development & Cooperation

**TRAINEESHIP OPPORTUNITY FOR FEMALE CIVIL ENGINEERS**

**Swiss Agency for Development and Cooperation (SDC)** is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme (MLRBP)** in Nepal. On behalf of SDC, CIAS-MEH JV invites applications from **fresh female Engineers** holding Nepal Engineering Council License, for the traineeship positions to gain first-hand experience on engineering and management in Motorable bridge building.

**Title: Trainee Engineer - 14 positions**

**Qualification :** **Fresh Graduates**, holding Nepal Engineering Council License, who had completed **Bachelors** in Civil Engineering from December 2022 and onwards

**Duty station :** Provincial offices potentially from December 2024 to May 2025

It is **mandatory** for the selected trainees to complete the full traineeship programme

**Application Procedures:** Interested candidates who meet above requirements are requested to visit the website at www.lrbpnepal.org and submit application through online portal. Detail job description is available in the website.

Enquiry in any form will automatically disqualify the candidate. Only short-listed candidates will be contacted for further tests and interviews. LRBSU/CIAS-MEH JV reserves the right to reject any or all applications.

**CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups. The traineeship opportunity is for female only, preferably from Dalit, Janjati, Madhesi/Terai caste/ethnicity, ethnic and religious minorities and discriminated Newar castes.**

**Deadline for submission of application: 18 September 2024**




# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। मेरो बा महान ।।

जीवनका हरेक पाईला चाल्न सिकाउने बा ।
सन्तानको खुशीमा आफू लाई रित्ताउने बा ।
भविष्यको उज्जवल वाटो देखाउन लाई
दिन रात ज्याला मजदुरी गरी पढाउने बा ।
आफू च्यातिएको लुगा मै खुशी रहि
सन्तान लाई नयाँ नयाँ कपडा दिलाउने बा ।
सन्तानलाई शहर पठाई, गाउँमै गोठालो गरे
दुध घिउ बेची गोठमै खुसीको गित गाउने बा ।
आफ्ना रहर मारेर,कुर्कुच्चा चिरिदा पनि
सन्तानको भविष्य काधमा बोकी सजाउने बा ।
आफ्नो लागी केहि नसोची सन्तान को ईच्छा पुरा गर्ने बा ।
त्यसैले भन्छु मेरो बा महान ।।



**नारेन्द्र कुशवाहा**
**बर्दिवास, महोत्तरी, हाल जनकपुरधाम**

## ।। तिमी साँच्चीकै आउँछ्यौ र ? ।।

तिमी साँच्चीकै त्यो दिन आउँछ्यौ र ?
म चाहिँ पर्खिरहेनेछु तिमीलाई त्यही चौबाटोमा
जहाँ पहिलो पल्ट पाएको थिए , भेट तिमी सँग
त्यो वर्षातको घरीमा सबै लाग्नेछन् आ - आफ्ना घर आँगन
म यता सिमसिम पानीमा भिज्दै हुनेछु
यी आँखाहरू घरी घरी ताक्नेछन् तिम्रै राह
कोइ मलाई त्यहाँ सोध्लान् की , कहाँ हो मेरो घर भनेर ?
म चाहिँ त्यसबेला तिम्रै बारेमा सोचीरहँदै हुनेछु !
त्यो दिन काला आकाशबाट झरिरहने हरेक थोपा थोपामा
म तिम्रो हँसिलो अनुहार भेटाउनेछु
सौभाग्य यो जुनीमा तिमी कवि सँग प्रेम गाँसियौ
मैले घरबाट लेखेर आएका प्रेमका कविता र गजलहरू
सँगै बसेर वाचन गर्दै सुनाउनेछु
तिम्रो अनुहार तर्फ हेर्दै फेरि पनि पाङतीहरुलाई दोहरियाउने छु ।
तिमी आउँदा , म भिजिरहेको सोचेर छाता नल्याउनु
त्यो दिन मलाई तिमीसँग भिजिरहने नै मन छ
यी प्रेमका ससाना थोपाहरू बर्सेर ठुला प्रेमसागर भइदियो भने
त्यसैमा तिम्रो हातमा हात राखेर , अर्को पार पुग्ने रहर छ
तिमी साँच्चीकै त्यो दिन आउँछ्यौ र ?



**नाम : नरेन्द्र नाथ साह**
**ठेगाना : औरही गा. पा. - ०३ , कपटौल**
**अध्यनरत : मोडेल मल्टिपल कलेज जनकपुर (बाणिज्य संकाय बिद्यार्थी)**

## ।। चौरचन...! ।।

किया छुपैछा बादलमे हे चाँन्द
भुखल आइल छि आहाँके दुवार प ।।
डाली सजाउल दिया जलाइल
बादलके चिर दर्शन ददा हो भगवान ।।
मनस पुजै छि तैयो मन दुखियारी ह
नित्य सुनबैछी गोहार तैयो अनसुनिछा ।।
गाउँके लोक बान्झ कहैए.......
कहिया फल देबा, बान्झ कहैए सन्सार ।।
केकरो घरमे दिया जलैए
केकरो घर बन्न्ल अन्हार ।।
पुत्र बियोगके दुःख केकरा कहु
झोली खुसिस भैरदा हो भगवान ।।



**शब्द :- बिंबस कुमार**
**न.पा. :- हंसपुर ०८ भतही**

## ।। आहा चाँन्द छि, हम राइत छि ।।

आहा पुर्निमा के चँन्द्र माँ
हम अमाबस के राइत छि।
दुनु जाना एक नै भसकै छि।
कैला कि हम ग्रहन राइत छि।
आहा एजोरिया बैन क चम्कै छि।
हम अगो अनहरिया राइत छि।
लाखो ताराके बिच एक जाइत छि।
आहा इजोरिया हम अनहरिया राइत छि।
राधा कृष्ण जेहन अधुरे रहब हम दुनु
किया कि दुनु के बिच फरक जाइत छि।



**लेखक संजय मुखिया**
**बरमझिया - १० धनुषा**
**रा.रा.ब (बि.एड फस्ट ईयर छात्र)**

## ।। चौरचन पबनि ।।

आई मिथिला नगरी मे
चौरचन पाबनि के खुव
चर्चा होइ छै ना
चर्चा होइ छै ना
यौ चर्चा होइ छै ना
माय काकी बनबै छै
पुरि खिर पेरुकिया
भाबि निपै पोतै छै
घर आंगना
घर आंगना सब
आई गम गम करै छै
गणेश चौठि चानके
सब पुजा करै छै
बौवा बुच्ची खुव
आई खुश भेल छै
चौरचनके पकवान
देख खुव कुदै छै
कखनि उठैतै दैया
चौरचनके हाथ
बौवा सब खाई लेल
लगौने अछि आश
आई मिथिला नगरी मे
चौरचन पवनि के खुव
चर्चा होइ छै ना चर्चा होइ छै
ना यौ चर्चा होइ छै ना



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।।को हुँ म।।

को हुँ म, यस जीवनको अनन्त पथमा,
सपना र यथार्थको बीचमा लुकिएको छ,
सचाईको यात्रा। आत्माको गहिराइमा खोज्दै छु, आफ्नो पहिचान,
असफलता र सफलता बीचको यो अनसुल्झिएको विधान।
म म के हो, यो प्रश्नमा, आफैंलाई बुझ्न खोज्दै छु, सपना र यथार्थको
लहरमा, मेरो अस्तित्व चिनाउन खोज्दै छु।



**त्रिजेप कुमार झा (सुमन)**
**लोहारपट्टी, महोत्तरी**
**प्राविधिक छात्र**

## ।। म एउटा साहित्य प्रेमी ।।

म एउटा साहित्य प्रेमी संसारले मलाई एउटा चोर बुझे
किनकि सबैको मनको भाव चोरी कागजको टुक्रामा उतार्न खोजे ।।
सकेसम्म साँचो कुरा लेखी अरुलाई बुझाउन खोजे ,
सुखदुःखका थुप्रै कुरा खाली पानामा लेख्न बुझे।।
हिमाल, पहाडको वर्णन आफ्नो कलमले गर्न खोजे ,
प्रकृतिको सौन्दर्य चोरी खाली पानामा भर्न बुझे ।।
समाजको पीडा पत्रीकामा झल्काउन खोजे ,
अरुको आँसु नपोछ्न सकेर उस्लाई कागजको टुक्रामा उतार्न बुझे।।
प्रेमको वास्तविकता अरुको हृदयसम्म पुर्याउनु खोजे ,
मनमा भएको चित्र कलमले कोर्न बुझे ।।
म एउटा साहित्य प्रेमी अरुको भावना चोरी हुबहु कागजको
टुक्रामा सार्न बुझे ।।
म एउटा साहित्य प्रेमी त्यसैले संसारले मलाई सबैको भावना चोर्ने
एउटा चोर बुझे।।



**आदित्य झा**
**कक्षा :-१०**
**श्री राष्ट्रिय माध्यमिक विद्यालय**
**जनकपुरधाम-१०, रुपैठ- बेल्हि**

## ।। म व्यस्त छु ।।

सपना हरुमा हराउने भोलि,
व्यस्तताका छालमा डुबेको छु म।
कसैले नसम्झेजस्तो म छु,
मेरा कामको ढालमा लुकेको छु म।
घडीका काँटे फेरि टिक्क,
समयको तालमा लस्सिएको छु म।
पढ्न लेख्नको भीडमा हराएर,
आफ्नै अस्तित्व खोजिरहेको छु म।
अधिकार र जिम्मेवारीको बोझ,
सपना र यथार्थको पाटोमा, मैले।
फुर्सदका क्षणहरु झल्के भन्छ,
सपना त छैन, व्यस्ततामा अडिएको छु म।
तर हरेक थकान पछि रमाइलो,
सपना पुरा हुने आशा छ भने।
व्यस्तताको सङ्ग यो जीवनको यात्रा,
सपना पूरा हुने सुन्दर कथा लेखिरहेको छु म।



**लेखक:बब्लु शर्मा**
**ज. उ. न. पा. ०७**

## ।। हाम्रो नेपाल ।।

नेपालको भूमि, जहाँ हिमाल छुन्छ आकाश,
जहाँ नदीहरू बग्छन्, चिलहरू गर्छन् बास।
सौन्दर्यले भरिएको, शान्ति जहाँ छ,
प्रकृतिका चमत्कारहरू जहाँ झल्कन्छ।
काठमाडौँदेखि पोखराको तालसम्म,
रोमान्चक यात्राहरू, तिमीलाई पर्खन्छन्।
हिमालयको उचाइमा ट्रेक गर्दै,
स्वच्छ हावामा सास फेर्दै, कति रमाउँदै!
मन्दिरहरू, संस्कृति, पुरानो र गहिरो,
परम्पराका कथाहरू, सधैं रहिरहन्छ।
नेपालमा जहाँ हृदयहरू दयालु छन्,
शान्ति र प्रेम पाउन सकिन्छ जहाँ।
त्यसैले तयार गर ब्याग, अवसर समात,
नेपाल खोज, हरेक दृष्टिमा स्वर्गको साक्षात्कार।
यस भूमिमा जहाँ सपना पुरा हुन्छन्,
तिमीले स्वर्गको एक अंश पनि पाउँछौ।



**विवेक साह**
**जनकपुरधाम ४ डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (६ सेमेस्टर)**

## ।। बुवा ।।

बुवाको बारेमा लेख्न, गएँ कापी कलम समात्न ।
मेरो ज्ञानसुर्य, हृदयचन्द्र, तनधरती लाग्यो काप्न ।।
बुवा मेरो विशाल वृक्ष, म त्यसको कलिलो पात ।
जो मेरो लेखक उनको बारेमा लेख्न के औकात ।।
बुवा मेरो 'कला'को राजा, म उनको राजकुमार ।
बुवा मेरो प्रथमगुरु सिकाउने कला जीवनाधार ।।
बुवा मेरो प्रेरणा-शक्ति-बल-साहस-बुद्धि-ज्ञान ।
बुवाबाट पाएको छु म, नित संघर्षरत पहिचान ।।
सहनीय धरतीझै समान, हुन् मेरो बुवाको काँध ।
भार उठाइ निभाउनुहुन्छ, पितृत्व प्रेम आगाध ।।
सब पीडा लुकाउनुहुन्छ, लगाइ हसिलो-नकाब ।
काँडा बोकि फूल्छ जसरी, फूलबारीको गुलाब ।।
मनोकाङ्क्षा छ, हजुरकै छोरा म बनु जुनीजुनी ।
आशिर्वाद दिनु बुवा, बनु हजुर जस्तै महागुणी ।।
जग मान्छ ब्रह्मा-विष्णु-महेश-राम-कृष्ण-गणेश ।
म जान्दछु हुन् मेरो बुवा, ईश्वर एकरूपा 'नरेश' ।।



**लेखक: राम मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१, सिनुरजोडा, धनुषा, नेपाल**

## ।। चौरचनको चन्द्रमा ।।

चन्द्रमा हेर्दै अघाउँदिन आँखाले,
चौरचनमा पूजिन्छ उसको झल्काले।
मिथिलाको धरामा सजियो विशेष साँझ,
जनकपुर नुहायो चन्द्रको उज्यालो बाँझ।
थालीमा अर्पण, फूल र अक्षता सजिए,
चन्द्रको उज्यालोमा सब आशा सजीए।
धर्ती र आकाशले भेटे प्रेमको सूत्र,
पूर्णिमाको रातमा जुडिन्छ जीवनको पूरक।
चन्द्रको चहकमा लुकेको छ आशाको चित्र,
चौरचनको पूजा, प्रेमको सुन्दर मित्री।
जल, फूल, अक्षता छन् भक्ति बोकेर साथ,
चन्द्रमा साक्षी हो हामी सबैको विश्वास।
अर्जुनको नजरले जस्तै हामी हेर्छौं चन्द्र,
उसको उज्यालोमा छ जीवनको सबैको मन्द्र।
चन्द्रले दिन्छ शीतलता, दिलमा बस्छ उज्यालो,
चौरचनको रातमा पूजा गरिन्छ उसको प्यारो।
हामीसँग उसले बाँधेको सम्बन्ध अनमोल,
चन्द्रमा हेर्दै दिन्छ जीवनमा एउटा गोल।
उज्यालो चन्द्रको, मनको सबै द्वार खोल्छ,
चौरचनको त्यो रात, प्रेमको सन्देश बोल्छ।



**लेखक : आनिष कर्ण**
**ठेगाना: जनकपुरधाम-०४, धनुषा**

## ।। साथी संगको नाता ।।

साथी संगको नाता छ गहिरो,
रातो धागाले बाँधिएको झैँ।
सपना र हाँसिको साथी, साँच्चिकै,
सम्बन्ध यो चिरकालिक छ भइँ।
सपनाको यात्रामा साथी साथ,
खुसीको लहरमा बाँच्न र गाउन।
असारको पानी झरी, हर्षको संग,
सपना, संघर्ष र हाँसो बाँच्न।
साथीको मुस्कान, ओठमा शान्ति,
धेरै हर्षका क्षणहरू बाँड्न।
सस्तो छैन यो सम्बन्ध, भलै गर,
पार गर्ने कठिनाइको हर्ष ल्याउँछ।
सपना देख्न र सँगै हाँस्न,
सपना साकार गराउने, साथीको साथ।
सार्वजनिक जीवनका यात्रामा,
साथीको नाता सधैं रहन्छ सँग।
उपस्थितिमा भिन्नता आउने त,
नाता त बलियो, छ भने हरियो।
साथीको साथमा, जीवन सुन्दर,
सम्बन्ध त गहिरो, हृदयको अङ्ग।



**लेखक : रशमी दनुवार**
**मोरङ्ग, नेपाल**

## ।। तिमी संग भेट भयो ।।

आशै आशमा जाने भो जिन्दगी
चिन्तै चिन्ता लाग्ने भो जिन्दगी , माया भयो अब अति
तिम्रो आउने आशमनमा म मर्नु कति ?
म एउटा केटा मेरो प्रेम कथा यसरी सुरु हुन्छ
हरेकलाई कलिलो उमेरमा जोसिलो मन हुन्छ
म पनि कसरी कसैको मायामा दुबे मलाई थाहा थाहा छैन ।
मैले बस्ने घरमा एउटा अचानक मान्छे आए
म संग उनी पुरै अनजान थिए
म संग कुरा गरेको पहिलो दिन मलाई याद छ
सायद म उसको राम्रो साथी भइसकेको थिए । दिनदिनै उसको
सुन्दरताको नसा लाग्यो मलाई
उसको अनुहारमा सारा संसारको अनुभूति भयो मलाई
कसरी यति नजिक हुँदै गए , अझ सम्म पनि थाहा भएन मलाई ।
उसको नाम नै चन्दा छ , म चाहिँ सूर्य बन्ने सपना देखें
उसकै सँग जीवनको हरेक पाइला हिड्ने आशा राखे
जब उ त्यो घर छोड्ने बेला आयो , म चाहिँ दुखी भए
कास आफ्नो मनको कुरा उसलाई बताउन पाए
जाँदा मेरो अनुहार माथि मिठो मुस्कान दिँदै बिदा भए
अनि म पनि उ संग माया गर्ने वाचा गरे
सातौं जन्म उ संग बिताउने आशा गरे
अनि बिदा दिँदै आफ्नो घर लागे
मपनि उ गएको रात कहा सुत्न पाए
न निन्दको ठेकान, न भोक प्यासको
त्यही दिन देखि उ सँग फेरि भेट्ने आशा बोकी रहे
आशा बोकी रहे !



**नाम : रूपेश यादव**
**जनकपुरधाम**

## ।। हम चाँद छि।।

हम चाँद छि लोक के दूर स निक
आ करिब से बेकार लाइग जाई छि
हम कभी- कभी कुरुप आ
कभी कभी सिँगार बाइन जाई छि
पूर्णिमा के दिन पुजैय छि हम
गरहन के दिन दुतकारल जाई छि
काहियो लोक के लागि भगवान् त
कभी कभी राक्षस बाइन् जाई छि
कहियों लभ अफ नाइट त कभी
कभी भयानक राइत बैन जाई छि
कहियो पुजैय हमारा त कभी
कभी दुतकाराल जाई छि
हम चाँद छि हम अकेले रै जाई छि
कहियो चमकत रहै छि त
कभी कभी बादल मे खो जाई छि
कहीयो लोक के मन मोही लैय छि
हम त कभी उनके नजर में गिर जाई छि
हम चाँद छि हम अकेले रहि जाई छि



**लेखक रोहन भुजेल**
**जनकपुरधाम -७**
**(रा.रा.ब) छात्र बि एड फस्ट ऐयर २०८०**

## ।।युवा नेता।।


केहेन जवाना एलै स्कूल बंक मारै बेटा ।
बाप कहै इंजीनियर बनत बेता मुदा बैन गेल युवा नेता ।।
असी वरखक बुरहबा कहै हम छी बरिस्थ युवा नेता ।
मुदा बीस बरखक युवा बनत नेता ट फरो बिदेश के जेता ।।
केहेन जवाना..........
बाप कहै .............
एकता गरीब युवा के सपना छल बनब युवा नेता ।
मुदा कि करता पैसा ट बनवई छैथ धनिक के नेता ।।
केहेन जवाना..........
बाप कहै .............
राजनीति मे पीएचडी केने छैथ मुदा चुनाव हाईर जाय छैथ नेता।
कि करवई यउ अत त परमप्रा छै कि मूर्खए जीतत सता ।।
केहेन जवाना..........
बाप कहै .............
चुनाव स पहिले सब हला करत कि हम छी ईमानदार नेता ।
मुदा कुर्सी हाथ लइगते बैन जायत सब भरसताचारि नेता ।।
केहेन जवाना..........
बाप कहै .............



**रचनाकार :- संतोष झा**
**ठेगाना :- जनकपुर धाम ०८**

## ।।प्रयास ।।

के हो दुःख के हो सुख मोलाई सिकाउनु पर्दैन्
किनकि नयाँ गन्तव्य को खोजी मा हिँडेको छु।
ठूला लाई आदर साना लाई माया गर्न सिकेको छु ।
आफ्नो जीत हैन हार वाट नयाँ पाठ सिकेको छु।
बारम्बार असफल भा छु तर आफ्नो
गन्तव्य छाडेको छैन कोसिस मेरो जारी
छ मो आइले सम्म हरेको छैन।
मध्यवर्गी परिवार वाट हो मो कुनै वि .आई. पि हैन
समतल भूभाग मा बस्छु , डाडा काडा काटेको छैन।
सही कुरा को बाटो मा हिडछु आफ्नो
पाइला पछाडि सरेको छैन ।
हो मो असफल भा छु तर हरेको छैन।।



**लेखक सुनिल मुखिया**
**जनकपुरधाम -७**
**रा.रा. ब. (बि एड फर्स्ट ऐयर द्धण्डण)**

# सिँचाइ आधुनिकीकरण अभिवृद्धिका लागि १५ अर्ब बराबरको सहुलियतपूर्ण ऋण सहायता लिइने

काठमाण्डु । सरकारले सिँचाइ आधुनिकीकरण अभिवृद्धि परियोजनाका लागि एसियाली विकास बैंकबाट प्राप्त हुने करिब रु १५ अर्ब २९ करोड (एक सय १५ मिलियन) बराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने भएको छ। यस सम्बन्धमा सरकारको तर्फबाट वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने निर्णय भएको छ।



मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो । यस्तै बैठकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी विश्वव्यापी सञ्जालको सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गरेको छ।

**सञ्चय कोषको अध्यक्षमा सचिव घिमिरे**

सरकारले कर्मचारी सञ्चय कोषको अध्यक्षमा अर्थ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेलाई नियुक्त गरेको छ। कोषको सञ्चालक समितिको अध्यक्षको समेत काम गर्नेगरी सचिव घिमिरेलाई जिम्मेवारी दिइएको हो । यस्तै, कोषको सञ्चालक समितिको रिक्त सञ्चालक पदमा कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङलाई मनोनयन गरिएको छ।

जग्गा प्राप्तिको स्वीकृति

मन्त्रिपरिषद् बैठकले लहान सुखिपुर एक सय ३२ केभी प्रसारण लाइन आयोजना तथा रुपनी बोदेबरसाइन एक सय ३२ केभी प्रसारण लाइन आयोजनाको टावर प्याड निर्माण गर्न आवश्यक पर्ने करिब आठ बिघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो । नेपालगञ्ज नानपारा एक सय ३२ केभी प्रसारण लाइन आयोजनालाई बाँके जिल्लामा प्रसारण लाइनको टावर प्याड निर्माणका लागि करिब दुई बिघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गरिएको छ। यस्तै, भुमही हकोइ एक सय ३२ केभी प्रसारण लाइन आयोजना निर्माणका लागि नवलपरासी जिल्लामा राष्ट्रिय वन क्षेत्रको १२ दशमलव ६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ।

यसैगरी माथिल्लो मेवा खोला ए जलविद्युत् आयोजना निर्माणका लागि ताप्लेजुङमा राष्ट्रिय वनको तीन दशमलव २१ हेक्टर जग्गा प्रयोगका लागि स्वीकृति दिइएको छ । काठमाडौँ-तराई-मधेस द्रुतमार्ग सडक आयोजना निर्माणका लागि मकवानपुरमा राष्ट्रिय वनको ५१ दशमलव ८७ हेक्टर जग्गा प्रयोगका लागि स्वीकृति दिइएको छ।

काठमाडौँ महानगरपालिका, आदर्श गाउँपालिका (डोटी), एगडारा गाउँपालिका (रौतहट), अन्नपूर्ण गाउँपालिका (म्याग्दी), तीनपाटन गाउँपालिका (सिन्धुली), गरुडा नगरपालिका (रौतहट), गुठीचौर गाउँपालिका (जुम्ला), बेनिघाट रोराङ गाउँपालिका (धादिङ), फाल्गुनन्द गाउँपालिका (पाँचथर), भोजपुर नगरपालिका (भोजपुर), नौमुले गाउँपालिका (दैलेख), मेरिङदेन गाउँपालिका (ताप्लेजुङ) र दमक नगरपालिका (झापा) लाई विभिन्न परियोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिइएको छ। स्वास्थ्य संस्था, वडा कार्यालय र प्रशासनिक भवन निर्माणका लागि जग्गा प्रयोग गर्नेगरी ती स्थानीय तहलाई अनुमति दिइएको मन्त्री गुरुङ्ले जानकारी दिनुभयो।

**दुग्ध विकास संस्थानलाई ६० करोड ऋण**

बिम्स्टेक कृषि मन्त्रिस्तरीय र कृषिसम्बन्धी उच्च पदाधिकारीको तेस्रो बैठक आगामी चैत १४ र १५ गते नेपालमा आयोजना गर्ने प्रस्ताव गर्न स्वीकृति प्रदान गरिएको छ।

चालु आवमा दुग्ध विकास संस्थानको कच्चा दूध आपूर्तिकर्ता किसानलाई भुक्तानी गर्न बाँकी रकम भुक्तानी दिने प्रयोजनार्थ नगद प्रवाह व्यवस्थापन गर्ने गरी प्रविधि सुधार तथा व्यवसाय विस्तार गर्न अर्थ मन्त्रालयले तत्काल रु ६० करोड बराबरको ऋण लगानी गर्न स्वीकृति दिइएको छ। संस्थानको पुनः संरचना एवं व्यावसायिक सुधारका लागि कृषि तथा पशुपक्षी विकास मन्त्रालयले समयबद्ध व्यावसायिक योजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ।

यस्तै, नेपाल इञ्जिनियरिङ परिषद्को रिक्त सदस्यमा विनोदबहादुर पाल, अम्बिका महत, लेखनाथ पाण्डेय, डा राममणि अधिकारी, निर्जला श्रेष्ठ चौधरी, श्यामकिशोर यादव र लैला श्रेष्ठलाई मनोनयन गरिएको छ । बालसुधार गृह भक्तपुर, मोरङ, कास्की र बाँकेको सञ्चालन र व्यवस्थापनको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप नेपाल) बीच भएको सम्झौताको अवधि आगामी पुस मसान्तसम्मका लागि थप गरिएको छ।

**पलेशालाई पुरस्कृत गरिने**

यस्तै, सरकारले पेरिस २०२४ पाराओलम्पिक खेलमा सहभागी खेलाडी पलेशा गोवर्धनलाई रु ६५ लाख बराबरको पुरस्कार र सम्मान गर्ने भएको छ। प्रशिक्षक कविराज नेगी लामालाई रु पाँच लाख ८५ हजार र टिम व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई रु दुई लाख ९२ हजार बराबरको पुरस्कार र सम्मान प्रदान गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको हो।

नेपालको राष्ट्रिय वनस्पति उद्यान र चीनको कुनमिङ वनस्पति उद्यानबीच भगिनी सम्बन्ध स्थापनासम्बन्धी समझदारीपत्र स्वीकृत गरिएको छ । समझदारीपत्रमा नेपालको तर्फबाट वनस्पति विभागका महानिर्देशकलाई हस्ताक्षर गर्न स्वीकृति प्रदान गरिएको छ। जापानको टोकियोमा आगामी असोज ३ गते आयोजना हुने जापान-नेपाल रोजगार सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गरिएको छ। गङ्गादेव गाउँपालिका, रोल्पाको नाम परिवर्तन गरी सुकिदह गाउँपालिका कायम गर्ने र सो गाउँपालिकाको केन्द्र साविक वडा नं ५ सानडाँडाबाट वडा नं २ स्थित सुखाओडार (जिनावाङ) मा कायम गरिएको छ।

**टेलिकममा आचार्य**

यसैगरी मन्त्रिपरिषद्को बैठकले नेपाल दूरसञ्चार कम्पनीको प्रबन्ध निर्देशकमा सङ्गीता पहाडी अर्याललाई नियुक्त गरेको छ । पहाडी निमित्त प्रबन्ध निर्देशकको रूपमा कार्यरत हुनुहुन्थ्यो । यस्तै, रेडियो नेपालको कार्यकारी निर्देशकमा अमरध्वज लामालाई नियुक्त गरिएको छ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा २९ को प्रयोजनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कानुन अधिकृतलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी तोकिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र जनवादी गणतन्त्र चीन सरकारको काठमाडौँस्थित राजदूतावासबीच हुने स्वास्थ्यसम्बन्धी एक समझदारीपत्रमा हस्ताक्षर गर्न मन्त्रालयका सचिवलाई हस्ताक्षर गर्न स्वीकृति प्रदान गरिएको जानकारी दिइयो।

नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा गोविन्दबहादुर कार्कीलाई बढुवा गरिएको छ । उहाँलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा पदस्थापन गर्ने निर्णय भएको छ। यसअघि पनि उहाँ सोही कार्यालयमा निमित्त प्रमुख सचिव पदमा कार्यरत हुनुहुन्थ्यो।

यसैगरी निजामती दिवसका अवसरमा सरकारले उत्कृष्ठ कर्मचारी १० जना र ३० जनालाई निजामती पदक प्रदान गर्ने निर्णयसमेत बैठकले गरेको नेपाल सरकारका प्रवक्ता गुरुङले जानकारी दिनुभयो ।रासस

# थोक बजार भवनको अवस्था बुझ्न चोभारमा कृषिमन्त्री अधिकारी



काठमाण्डु । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले चोभारमा निर्माणाधीन पुष्प तथा फलफूल थोक बजार भवनको काम तत्काल पूरा गर्न निर्देशन दिनुभएको छ । विसं २०७३ असारमा दुई वर्षभित्र सम्पन्न गर्नेगरी सुरु भएको बहुतले भवनको काम हालसम्म पनि पूरा नभएपछि मन्त्री अधिकारीले शुक्रबार निरीक्षणपश्चात यस्तो निर्देशन दिनुभएको हो।

> विसं २०७३ असारमा दुई वर्षभित्र सम्पन्न गर्नेगरी सुरु भएको बहुतले भवनको काम हालसम्म पनि पूरा नभएपछि मन्त्री अधिकारीले शुक्रबार निरीक्षणपश्चात यस्तो निर्देशन दिनुभएको हो ।

भवन निर्माणका लागि ११औँ पटक थपिएको म्याद सकिन केही दिन मात्र बाँकी रहँदा तेइस अझै १३ प्रतिशत काम बाँकी छ। त्यसप्रति चासो र चिन्ता व्यक्त गर्दै कृषिमन्त्री अधिकारीले तोकिएको समय सीमाभित्र कार्यसम्पादन गर्न निर्माण व्यवसायीलाई निर्देशन दिनुभयो । उहाँले सम्झौताअनुसार काम नसकिए कानुनअनुसार कारबाही गर्ने चेतावनीसमेत दिनुभयो। "पुष्प तथा फलफूल थोक बजार तत्काल सञ्चालनमा ल्याउनुपर्छ । यसका लागि मन्त्रालय आवश्यक सहजीकरण गर्न तयार छ।

चोभारको बहुतले भवन सञ्चालनमा आउँदा उत्पादक र उपभोक्ता दुवै लाभान्वित हुने छन् । त्यसैले भवन निर्माणमा कुनै पनि बहाना नगर्न निर्माण कम्पनीलाई मेरो आग्रह छ", मन्त्री अधिकारीले भन्नुभयो ।

दुई वर्षमा निर्माण सम्पन्न गर्नेगरी २०७३ असोजमा करिब रु ३५ करोडको लागतमा ठेक्का सम्झौता भएको थियो ।

सम्झौताअनुसार काम नभएपछि २०८० चैत १३ यही भदौ मसान्तभित्र काम सम्पन्न गर्नेगरी ११औँ पटक म्याद थप भएको थियो ।थपिएको समयमा काम पूरा नहुँदा लागत बढेर रु ४० करोड बढी पुगेको छ। लागत बढ्दै जाने तर सम्झौताअनुसार काम नभएपछि कृषिमन्त्री अधिकारी मन्त्रालयका प्रतिनिधि, निर्माण कम्पनी र परामर्शदातासहित निर्माणस्थल पुग्नुभएको हो ।रासस

# 'नयाँ सरकार बनेसँगै लगानीको वातावरण सृजना'

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नयाँ सरकार गठन भएसँगै मुलुकमा लगानीको वातावरण सृजना भएको बताउनुभएको छ।

मिडिया स्पेस प्रालिले भृकुटीमण्डपमा आजदेखि आयोजना गरेको 'तेस्रो नेपाल पावरलाइट



एण्ड इलेक्ट्रिक प्रदर्शनी'को उद्घाटन गर्दै उहाँले नयाँ सरकार गठनसँगै आर्थिक, सामाजिक र राजनीतिक रूपमा विश्वसनीय वातावरण सृजना भएको बताउनुभएको हो।

"दुई ठूला राजनीतिक दल मिलेर वर्तमान सरकार निर्माण भएको छ, नयाँ सरकारलाई नागरिकले समेत विश्वासमा लिएका छन्, यो सरकारले मुलुकमा लगानीको वातावरण सृजना गर्छ", उहाँले भन्नुभयो। वर्तमान सरकारलाई आर्थिक हिसाबले मुलुकलाई अगाडि बढाउने जिम्मेवारी रहेको उहाँको भनाइ थियो ।ऊर्जामन्त्री खड्काले वर्तमान सरकार, स्थायी सरकार भएकाले ढुक्क भएर लगानी गर्नसमेत आग्रह गर्नुभयो । धेरै कम्पनीलाई एकै ठाउँमा राखेर मेला सञ्चालन भएकाले यस्ता मेलाले मुलुकको आर्थिक गतिविधि चलायमान बनाउने मन्त्री खड्काले बताउनुभयो।

उहाँले विद्युतीय उपकरणसम्बन्धी मेलाले मुलुकमा जलविद्युत् क्षेत्रको आन्तरिक खपत बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । मुलुकले आगामी १० वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेकाले निजी क्षेत्रको साथ र सहयोग आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो । प्रदर्शनीले विद्युत्को आन्तरिक खपत बढाउने र घरायसी कामका लागि समय बचत हुने उहाँको भनाइ थियो।

मन्त्री खड्काले ऊर्जा क्षेत्रको विकासका बाधक रहेका नीति नियमको परिमार्जन र संशोधन सरकारले गरिरहेको बताउनुभयो । तीन दिनसम्म चल्ने मेलामा स्वदेश र विदेशका ९० भन्दा बढी स्टल रहेको मिडिया स्पेसका सञ्चालक श्रीजल भट्टराईले जानकारी दिनुभयो ।रासस

# सशस्त्र प्रहरीसम्बन्धी विधेयक अर्थ मन्त्रालय पठाइयो

काठमाण्डु । गृह मन्त्रालयले सशस्त्र प्रहरी बल नेपाल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई राय-परामर्शका लागि अर्थ मन्त्रालय पठाएको छ। विधेयकमाथि सरोकार भएकाहरूसँग छलफल गरेर गृह मन्त्रालयले राय-परामर्शका लागि शुक्रबार अर्थ मन्त्रालयको पठाएको गृह मन्त्रालयको कानुन महाशाखा प्रमुख सह-सचिव भरतमणि रिजालले जानकारी दिनुभयो।



सशस्त्र प्रहरी बल नेपालको प्रधान कार्यालय हलचोकमा गत सोमबार विधेयकको मस्यौदामाथिको छलफलका क्रममा गृहमन्त्री रमेश लेखकले भदौ २१ गते नै विधेयकलाई अर्थ मन्त्रालयमा पठाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । "सरकार बनेको सय दिनमा यो विधेयकलाई क्याविनेटमा पुर्‍याउने भन्ने हो तर मेरो लक्ष्य संसद्मै पुर्‍याउने छ", उहाँले भन्नुभएको थियो।

अर्थ मन्त्रालयबाट राय-परामर्श प्राप्त भएपछि विधेयकलाई कानुन मन्त्रालय पठाइने छ। विधेयक त्यहाँबाट गृहमा आएपछि मन्त्रिपरिषद्मा पठाइने सहसचिव रिजालले बताउनुभयो। नेपाल प्रहरी ऐन, सशस्त्र प्रहरी बल नेपाल ऐन र निर्वाचन ऐन सय दिनभित्र संसद्मा पुर्‍याउने गृहमन्त्री लेखकको लक्ष्यअनुसार नै काम भइरहेको उहाँले बताउनुभयो।

विधेयकमा सशस्त्र प्रहरी बल नेपालले गर्ने काम सीमा सुरक्षा नै हो भनेर विशिष्टिकृत गरिएको छ। सीमामा हुने अपराध नियन्त्रण, सीमाको सुरक्षा, विपद्मा उद्दार, दङ्गा नियन्त्रण, सशस्त्र विद्रोह र आतङ्कवादी गतिविधिविरुद्ध काम गर्ने कुरा विशिष्टिकृत रूपमा व्यवस्था गरिएको सहसचिव रिजालले बताउनुभयो । उहाँकानुसार जवान, आधारभूत तहका प्रहरीलाई १६ वर्ष र जुनियर अधिकृतलाई १८ वर्षको पेन्सन अवधि कायम गर्ने, विभिन्न दर्जाको पूर्वानुमानयोग्य, बढुवा र सरुवाको व्यवस्था ऐनमा नै गर्न लागिएको छ ।रासस

# सबै स्थानीय तहमा विद्यार्थीले छात्रवृत्ति पाए नपाएको अनुगमन गर्छौं: प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले विपन्न विद्यार्थीलाई प्रदान गर्दै आएको छात्रवृत्ति अनुदान रकम विद्यार्थीले पाए नपाएकाबारे सरकारले अनुगमन गर्ने बताउनुभएको छ। शुक्रबार सामाजिक सञ्जाल फेसकुकमार्फत उहाँले सबै स्थानीय तहमा यस विषयमा अनुगमन गरिने जानकारी



दिनुभएको हो।

प्रधानमन्त्री ओलीले सामुदायिक विद्यालयमा कक्षा (६-१०) का विपन्न विद्यार्थीका लागि वार्षिक रु १८ र विज्ञान विषय अध्ययन गर्न वार्षिक रु २४ हजार रुपैयाँ अनुदान दिन सरकारले रु ६० करोड बजेट अनुदान दिइरहेको बताउनुभयो। "दुर्गम तथा अन्य क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत २२ वटा सूचीकृत जाति र सीमान्तकृत वर्गका गैरआवासीय विद्यार्थीका लागि प्रतिविद्यार्थी वार्षिक रु एक हजारदेखि रु तीन हजार पाँच सयसम्म छात्रवृत्तिका लागि रकम प्रदान गरिएको छ। गैरआवासीय छात्रवृत्तिअन्तर्गत देशभरका १५ लाख ५० हजार विद्यार्थीले छात्रवृत्ति पाउनेछन्। यसका लागि रु ५० करोड रकम विनियोजन भएको छ", प्रधानमन्त्री ओलीले उल्लेख गर्नुभएको छ।

यसैगरी उहाँले शैक्षिक दृष्टिले पछि परेका समुदाय, अतिविकट हिमाली जिल्लाका विद्यार्थीलगायत सातवटा लक्षित समूहका ११ हजार चार सय विद्यार्थीका लागि मासिक रु पाँच हजारका दरले आवासीय छात्रवृत्ति प्रदान गरिएको समेत बताउनुभएको छ।

"उल्लेखित छात्रवृत्ति रकम प्रत्येक स्थानीय तहका प्रतिविद्यार्थी लागत हिसाब गरी सशर्त अनुदानमा वित्तीय हस्तान्तरण गरिएको छ। यससम्बन्धी कार्यविधि शिक्षा मन्त्रालयको वेबसाइटमा राखिएको छ", प्रधानमन्त्री ओलीले भन्नुभएको छ। रासस

# पाराओलम्पिकमा कास्य पदक विजेता पलेशालाई प्रचण्डद्वारा सम्मान

काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पाराओलम्पिकमा कास्य पदक विजेता पलेशा गोवर्धनलाई सम्मान गर्नुभएको छ।

खुलमटारमा शुक्रबार एक कार्यक्रम आयोजना गरी उहाँले नेपालका लागि ओलम्पिकमा पहिलो पदक प्राप्त गर्न सफल प्रलेशालाई सम्मान गर्नुभएको हो । उहाँले पलेशासँगै प्रशिक्षक कविराज नेगी लामा, व्यवस्थापक रामचन्द्र श्रेष्ठ र पलेशाका बुबा



प्रदीपलाई पनि सम्मान गर्नुभएको थियो।

सो क्रममा अध्यक्ष दाहालले पलेशाको जितले संसारभरि रहेका नेपालीले गौरव गर्ने अवसर प्राप्त भएको बताउनुभयो । "ओलम्पिकको इतिहासमा पहिलोपटक नेपालले पदक प्राप्त गर्नु सामान्य विषय होइन, यसले विश्वभरि रहेका नेपालीका लागि गौरव गर्ने अवसर प्राप्त भएको छ", उहाँले भन्नुभयो, "खेल क्षेत्रले राष्ट्रिय एकता, आर्थिक समृद्धि र अन्तर्राष्ट्रिय कूटनीतिलाई प्रवर्द्धन गर्छ, त्यसैले पलेशाको यो जित अन्तर्राष्ट्रिय इतिहास कायम गर्ने महत्त्वपूर्ण जित हो।"

खेल क्षेत्रमा राज्यले बढी लगानी गर्नुपर्ने उल्लेख गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "अहिले समय फेरिएको छ, खेलले अन्तर्राष्ट्रिय युद्ध रोक्नेदेखि ठूलाठूला समस्याको समाधान पनि दिएको छ। अहिले पलेशाले पदक जितेपछि राष्ट्र एक ढिक्का भएको छ, सबले गर्व गरेका छन्, सब खुसी भएका छन्।

" पलेशाको जित राष्ट्रिय एकताको आधार र अन्तर्राष्ट्रिय कूटनीति प्रवर्द्धनमा ऐतिहासिक बन्न पुगेको उल्लेख गर्दै उहाँले आगामी ओलम्पिकमा पनि थप सफलताको शुभकामना दिनुभयो। अध्यक्ष दाहालले यस जितका लागि आधार तयार पार्ने प्रशिक्षक, व्यवस्थापक, तेक्वान्दो सङ्घ र घरपरिवारलाई राष्ट्रका लागि योगदान गरेकामा धन्यवाद र बधाई दिनुभयो।

सो अवसरमा विजेता पलेशाले पदक प्राप्त गर्दाको अनुभूति सुनाउँदै आगामी ओलम्पिकमा स्वर्ण पदकका लागि तयारी गर्ने बताउनुभयो।

कार्यक्रममा प्रशिक्षक कविराज नेगी लामा, व्यवस्थापक रामचन्द्र श्रेष्ठ, नेपाल तेक्वान्दो सङ्घका अध्यक्ष प्रकाशशम्शेर राणा, महासचिव दीपराज गुरुङलगायत पदाधिकारी, राखेपका सदस्यसचिव टङ्कलाल घिसिङ र पलेशाका बुबा प्रदीपले आफ्ना अनुभव सुनाउनुभएको थियो ।रासस

# गाजामा 'विशुद्ध सैन्य दृष्टिकोण' समाधान होइन- जर्मन विदेशमन्त्री

एएफपी

तेल अभिव । जर्मन विदेशमन्त्री एनालेना बेयरबकले शुक्रबार गाजा पट्टीमा हमासविरुद्ध इजरायलको युद्धको समाधान सैन्य दृष्टिकोण मात्र नभएको बताउनुभएको छ । इजरायलको तटीय सहर तेल अभिवमा आफ्ना इजरायली समकक्षी इजरायल काट्जसँगको बैठकपछि पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "गत साताले गाजाको स्थितिका लागि विशुद्ध सैन्य दृष्टिकोण समाधान होइन भन्ने नाटकीय रूपमा देखाएको छ ।"



उहाँले आइतबार घोषित थप छ मृतक बन्धकहरूको बरामदबारे सङ्केत गर्नुभएको थियो । उनीहरूको मृत्युले इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुमाथि गाजा युद्धविराम र बन्धकको आदानप्रदान सम्झौताका लागि हमाससँग सम्झौता गर्न घरेलु दबाब बढाएको छ । यद्यपि दुवै पक्षले यसै साता रोकिएको वार्तालाई लिएर एकअर्कामाथि दोषारोपण गरेका छन् ।

बेयरबकले शुक्रबार ' अहिले युद्धविराम' को आह्वान गर्नुभयो र पश्चिम किनारका बारेमा इजरायली अधिकारीहरूको आक्रामक वयानविरुद्ध कुरा गर्नुभयो । पश्चिम किनारमा अगस्ट २८ मा इजरायली सेनाले धेरै सहरमा गरेको आक्रमणमा कम्तीमा ३६ जनाको मृत्यु भएको थियो ।

इजरायलका अति दक्षिणपन्थी राष्ट्रिय सुरक्षामन्त्री इतामार बेन-गभिरले शुक्रबार एक्समा पोस्ट गर्दै नेतान्याहुसँग पश्चिम किनारमा हमास र अन्य लडाकू सङ्गठनहरूको हारलाई युद्धको उद्देश्यमध्ये एक बनाउन भनेको बताउनुभयो । "इजरायली सरकारका सदस्य आफैँले गाजाको जस्तै पश्चिम किनारमा पनि सोही दृष्टिकोणको आह्वान गर्दछ भने यसले वास्तवमा इजरायलको सुरक्षालाई गम्भीर रूपमा जोखिममा पुर्याउँछ", बेयरबकले भन्नुभयो ।

सन् १९७२ को ओलम्पिक खेलकुद हत्याको वार्षिकीका अवसरमा म्युनिखको इजरायली वाणिज्य दूतावासमा असफल ' आतङ्कवादी आक्रमण' का रूपमा व्यवहार गर्ने क्रममा उनीहरूमाथि गोली चलाउने एक व्यक्तिलाई जर्मन प्रहरीले गोली हानेर मारेको एक दिनपछि मन्त्री बेयरबकको उक्त टिप्पणी आएको हो । आफूले काट्जसँग 'गहिरो र पूर्ण ऐक्यबद्धता' व्यक्त गरेको उहाँले बताउनुभयो । "यो भयानक अवस्था हो, विशषगरी म्युनिख सन् १९७२ को वार्षिकीमा यो हाम्रा लागि भयानक क्षण हो", उहाँले भन्नुभयो ।

# आरटी विवादमा रुसले अमेरिकी मिडियामाथि प्रतिबन्ध लगाउने

एएफपी

मस्को । क्रेमलिनले शुक्रबार रुसी लगानीमा रहेको समाचार नेटवर्क आरटीमाथि वासिङ्टनको प्रतिबन्धको जवाफमा रुसले अमेरिकी मिडिया आउटलेटहरूमा घरेलु प्रतिबन्ध लगाउने बताएको छ ।

मुलुकको आसन्न राष्ट्रपति चुनावलाई प्रभावित पार्ने लक्ष्यका साथ मस्कोले दुर्भावनापूर्ण अभियान चलाएको आरोप लगाउँदै संयुक्त राज्य अमेरिकाले बुधबार आरटीका दुई कर्मचारीलाई दोषी ठहर गरेको थियो ।

"समरूप प्रतिक्रिया सम्भव छैन, अमेरिकामा कुनै सरकारी समाचार एजेन्सी छैन र अमेरिकामा कुनै सरकारी टेलिभिजन छैन", क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले आरआइए नोभोस्ती समाचार एजेन्सीसँग भन्नुभयो, "तर पक्कै पनि त्यहाँ उपायहरू हुनेछन् जसले उनीहरूको मिडियालाई उनीहरूको जानकारी प्रसारण गर्न प्रतिबन्धित गर्नेछ ।" रुसको कडा पकडको दुर्लभ स्वीकारोक्तिमा पेसकोभले युक्रेनमाथि आक्रमणका क्रममा मस्कोको अभूतवपूर्व सेन्सरसिपलाई पनि जायज ठहर गर्नुभयो ।उहाँले तास समाचार एजेन्सीलाई दिनुभएको भिन्नै टिप्पणीमा भन्नुभयो, "हामी जुन युद्धको अवस्थामा छौँ त्यसमा प्रतिबन्ध जायज छ र सेन्सरसिप पनि जायज छ ।

" उहाँले अमेरिकी मिडियाविरुद्ध रुसले कस्तो प्रतिबन्ध लगाउने भन्नेबारेमा बताउनुभएन ।

मस्कोले युक्रेनमा आक्रमण सुरु गर्दा द्वन्द्वमा स्वतन्त्र रिपोर्टिङलाई लक्षित गर्ने कानूनका बीच अधिकांश अमेरिकी मिडिया आउटलेटले रुसबाट आफ्ना कर्मचारी घटाए वा हटाए । अमेरिकी अर्थ मन्त्रालयले बुधबार प्रतिबन्ध लगाइएका १० व्यक्ति र दुई संस्थामा आरटीका प्रधानसम्पादक मार्गरिटा सिमोनियन र उहाँका डेपुटी एलिजाभेटा ब्रोडस्किया समावेश छन् ।

# वायुप्रदूषणले तपाईँको स्वास्थ्यमा कस्तो असर गर्न सक्छ

बीबीसी

काठमाण्डु । बिस्तारैबिस्तारै हाम्रो ज्यानै लिन सक्ने एउटा तत्त्व बाहिर सडकमा फैलिएको छ। न यसलाई समात्न सकिन्छ न नै यसबाट जोगिन लुक्नका निम्ति कुनै सुरक्षित ठाउँ नै छ।

हरेक वर्ष ४० लाख मानिसको ज्यान लिने गरेको र विश्व जनसङ्ख्याको ९९ प्रतिशतलाई प्रभावित गरिराखेको वायु प्रदूषणले ठूलो सार्वजनिक स्वास्थ सङ्कट निम्त्याएको छाप्रदूषण निकै टाढाटाढासम्म फैलिन सक्छ र यसले उत्पत्तिको स्थानभन्दा धेरै परसम्म पनि असर पार्न सक्छ। यसविरुद्धको एकल प्रयास प्रभावकारी नहुन सक्छ। वास्तवमै यसलाई रोक्ने हो भने सरकार तथा ठूला व्यावसायिक संस्थाहरूले मिलेर काम गर्नुपर्छ। यस महत्त्वपूर्ण मुद्दालाई सम्बोधन गर्ने प्रयत्नस्वरूप संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् २०२० मा ७ सेप्टेम्बरलाई 'निलो आकाशका निम्ति स्वच्छ वायु दिवस' घोषित गरेको थियो।



हामी एक पटक यो समस्या कुन तहको छ र योसँग जुध्न विज्ञहरूले कस्तो राय दिएका छन् भन्ने हेरौँ। संयुक्त राष्ट्रसङ्घको वातावरणसम्बन्धी निकाय 'यूएनईपी'ले वायुप्रदूषणलाई "मानव स्वास्थ्यसम्बन्धी सबैभन्दा ठूलो विश्वस्तरीय पर्यावरणीय खतरा" भनेको छ। उसको हिसाबमा यसका कारण विश्वका ७० लाख मानिसहरूले समयअगावै मृत्युवरण गर्छन्।मानव जीवनले मात्रै यसको मूल्य चुकाउने होइन।विश्व ब्याङ्कका अनुसार सन् २०१९ मा वायु रदूषणसँग सम्बन्धित समस्याले स्वास्थ्यमा पुगेको क्षतिको वैश्विक मूल्य ८१ खर्ब डलर थियो, जुन विश्वको कूल गार्हस्थ्य उत्पादनको ६.१ प्रतिशत हुन आउँछ।

यूएनईपीका अनुसार "वायुप्रदूषण विश्वस्तरको समस्या भए पनि विकसित देशहरूमा यसको अन्धाधुन्ध असर परेको छ। खास गरी महिला, केटाकेटी र वृद्धवृद्धाजस्ता निकै कमजोर समूह यसको चपेटामा परेका छन्।" "विभिन्न मानवीय वा प्राकृतिक कारणहरूले वायुप्रदूषण पैदा गर्छन् र व्यवस्थापन गर्न जटिल बनाउँछन्," यूएनईपीको जलवायु तथा स्वच्छ वायु सहकार्यकी सचिवालय प्रमुख मार्टिना ओट्टो भन्छिन्।

"धेरै देशहरूसँग वायुको गुणस्तर जाँच्न आवश्यक पर्ने संयन्त्रको अभाव छ। त्यसको स्थापना र रेखदेख गर्न पनि खर्चिलो छ।"उनको विचारमा स्वच्छ वायुमा गरिने लगानीलाई मूल्यवान् देख्ने गरी हाम्रो दृष्टिकोणमा महत्त्वपूर्ण परिवर्तन आउन आवश्यक छ।"त्यसका अतिरिक्त नियमनको प्रभावकारिता पनि फरकफरक किसिमका हुन सक्छन् र केही क्षेत्रमा पर्याप्त कानुन तथा त्यसलाई लागु गराउने संयन्त्रको कमी छ। राजनीतिक इच्छाशक्ति र आर्थिक स्रोत पनि मुख्य अवरोध हुन्।" विश्व स्वास्थ्य सङ्गठनका अनुसार वायुप्रदूषण भनेको ठोस कण, तरल थोपा र ग्यासको जटिल मिश्रण हो।

यसलाई 'पार्टिक्यलट म्याटर' (पीएम) मा नापिन्छ र २.५ माइक्रोमिटर आकारका वा (पीएम२.५) भन्दा कम व्यासका कणहरू मानव स्वास्थका निम्ति निकै खतरायुक्त हुन्छन्। सानो आकारको कणहरू सीधै हाम्रो रक्तप्रवाहमा मिसिन सक्छन् र मुटु, मस्तिष्क तथा अन्य अङ्गमा जम्मा हुन सक्छन्।मानिसको कपालको रौँको औसत आकार ७० माइक्रोमिटरजति हुन्छ, यसअनुसार वायुप्रदूषणका कण मानिसको कपालको रौँको तेह्र भागको एक हिस्साजत्तिको हुन्छ। ती कालो मोसो, माटोको धुलो वा सल्फेट जेबाट पनि बनेका हुन सक्छन्। जीवाश्म इन्धनबाट विद्युत् निकाल्दा, (टायर र ब्रेकसमेतका) यातायातका साधन र आवासीय क्षेत्रबाट (खास गरी पकाउँदा र ताप पैदा गर्दा) पैदा हुने प्रदूषण सूक्ष्म कणहरूका मुख्य स्रोत हुन्।

मरुभूमिनजिकैका स्थान र हावाले उडाउने धुलो पनि वायुप्रदूषणका मुख्य स्रोत हुन्। अफ्रिका, पूर्वी एशिया र युरोपमा हावाले उडाउने धुलोलाई सबैभन्दा ठूलो स्रोत ठहऱ्याइन्छ। उत्तर अमेरिकामा यातायातका साधनले प्रमुख भूमिका खेल्छन् भने ल्याटिन अमेरिका तथा क्यारिबीअन क्षेत्रमा उद्योगलाई जिम्मेवार ठहऱ्याइन्छ।

एशिया-प्रशान्त क्षेत्रमा भने आवासीय क्षेत्रबाट पैदा हुने प्रदूषण मुख्य स्रोत हो। शरीरमा सूक्ष्म कण विद्यमान भएमा तिनले हाम्रा अङ्गहरूको कार्यलाई प्रभावित तुल्याउन सक्छन्।सन् २०१९ को एउटा तथ्याङ्कले छ वटा स्वास्थ्य अवस्थाको चर्चा गर्दै वायुप्रदूषण कसरी मृत्युको कारक बन्न सक्छ भन्ने दर्शाएको छ। उदाहरणका निम्ति संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार १७ प्रतिशत मस्तिष्काघातका कारण भएका मृत्युका घटना वातावरणमा भएका सूक्ष्म कणयुक्त प्रदूषणसँग सम्बन्धित थिए।

अल्पकाल र दीर्घकालका निम्ति पीएम२.५ आकारको कणयुक्त स्थानमा बस्दा त्यसले स्वास्थ्यमा विकसित गर्ने समस्या पनि फरकफरक किसिमको हुन सक्ने ठानिएको छ।छोटो अवधिका निम्ति त्यस्तो वातावरणको सम्पर्कमा आउँदा त्यसले पहिलेदेखिको स्वास्थ्यस्थितिलाई थप बिगार्ने र लामो समयसम्म रहँदा सामान्यतयाः रोग नै लाग्ने अनि त्यसपछि स्थिति बिग्रिने दरलाई बढाइदिन सक्ने देखिएको छ। यूएनईपीकी मार्टिना ओट्टोका अनुसार युरोप, अमेरिका, क्यानडा र जापानले उत्सर्जनलाई सीमित राख्न प्रभावकारी उपायहरू अपनाएका छन्।

उनी लन्डनस्थित 'अतिन्यून उत्सर्जन क्षेत्र'को उदाहरण दिन्छिन्, जहाँ मध्यलन्डनमा हुँदै आएको सवारीसाधनको चापलाई नियन्त्रण गरी हानिकारक प्रदूषक तत्त्वलाई ५० प्रतिशतले घटाइएको छ।सन् १९०० यता लन्डनमा 'पार्टिक्यलट' वायुप्रदूषण ९७ प्रतिशतले घटेको छ।मेक्सिको सिटी र बेइजिङ थप दुई उदाहरण हुन्, जहाँ वायुप्रदूषणको स्थितिमा महत्त्वपूर्ण सुधार गरिएको छ।

"क्षेत्रीय सुधारहरू प्रायशः सामाजिक-आर्थिक विकास तथा राष्ट्रिय नीतिको सक्रियतासँग जोडिएका हुन्छन्," ओटो भन्छिन्।"उल्लेखनीय कुराचाहिँ दक्षिण एसिया, दक्षिणपूर्वी तथा पूर्वी एशिया (चीन सहित), ओशिनिया, मध्य तथा पूर्वी युरोप र मध्यएशियाजस्ता क्षेत्रहरूले विगत दुई दशकमा पीएम२.५ को स्तर कम गरेका छन्।"सन् २०२० मा फिन्ल्यान्डमात्रै एउटा त्यस्तो देश थियो जसले पीएम२.५ को औसत दरलाई ५ भन्दा तल राखेको थियो।

"यसले समाधान निकै पर भए पनि केन्द्रीकृत पहलमार्फत् महत्त्वपूर्ण सुधार ल्याउन सकिन्छ भन्ने देखाउँछ," उनी जोड दिन्छिन्। अर्कातर्फ निम्न र मध्यम आय भएका देशहरूमा उच्च आय भएका देशहरूको तुलनामा पीएम२.५ को स्तर निरन्तर उच्च रहेको छ। यो असमानता बितेको दशकभर तुलनात्मक रूपमा स्थिर रह्यो।"उच्च पीएम२.५ स्तर भएका दश देशमध्ये आठ अफ्रिकामा छन् भने बाँकी दुई मध्यपूर्वमा छन्," ओट्टो भन्छिन्।

"वायुको गुणस्तरमाथि बलियो नियन्त्रणको अभाव, नियामक ढाँचा र आर्थिक स्रोतको अभावका कारण यी क्षेत्रहरू वायुको गुणस्तर सुधार्नका निम्ति सङ्घर्ष गरिरहेका छन्।"यो समस्या "जीवाश्म इन्धनमाथिको गहिरो निर्भरता, घरघरमा परम्परागत बायोमासको प्रयोग, पुराना हुँदै गरेका ठूलो सङ्ख्याका सवारीसाधन तथा सार्वजनिक यातायातको अभाव र फोहर व्यवस्थापन पर्याप्त व्यवस्था नभएका कारण खुला रूपमा फोहोर जलाइँदा" झनै जटिल बनेको उनको ठहर छ।

# पश्चिम किनारबाट इजरायली सेना फिर्ता

एएफपी

जेनिन ।इजरायली सेना १० दिनको अपरेसनपछि शुक्रबार जेनिन सहर र त्यहाँका शरणार्थी शिविरबाट हटेको प्रत्यक्षदर्शीहरूले बताएका छन् । कब्जा गरिएको पश्चिम किनारमा भएको इजरायली आक्रमणमा ३६ जनाको मृत्यु भएको थियो ।

बख्तरबन्द सवारी र बुलडोजरको सहयोगमा सेनाले विनाशकारी आक्रमण गरेको धेरै दिनपछि भागेका बासिन्दाहरू शिविरमा फर्केका छन् । उक्त क्षेत्र इजरायलविरुद्ध लड्ने प्यालेस्टिनी सशस्त्र समूहको गढ थियो । अगस्ट २८ मा सेनाले पदार्थ नष्ट गरिएको र चार वटा हवाई आक्रमण गरिएको सेनाले बताएको छ ।

अधिकांश प्यालेस्टिनीको मृत्यु भएको जेनिनमा एक इजरायली सैनिकको पनि मृत्यु भएको छ । अक्टोबर ७ मा दक्षिणी इजरालयमा आक्रमण गरेर गाजामा जारी युद्धलाई जन्म दिएको हमास र प्यालेस्टिनी इस्लामिक जिहादले मारिनेहरूमा कम्तीमा १४ लडाकू रहेको बताएका छन् । जेनिन शिविरका धेरै घर बुलडोजरहरूले क्षतिग्रस्त वा नष्ट भएका छन् । इजरायली बख्तरबन्द सवारीहरू फिर्ता भएपछि शुक्रबार बासिन्दाहरूले भग्नावशेष सफा गर्न



जेनिनलगायत उत्तरी पश्चिम किनारका धेरै सहर र गाउँमा सैन्य अभियान चलाएको थियो ।

'जेनिन क्षेत्रमा आतङ्कवाद विरोधी गतिविधि सञ्चालन गरिरहेको', इजरायली सेनाले फिर्ताको बारेमा पुष्टि नगरी शुक्रबार विज्ञप्तिमा बताएको छ । "आतङ्कवाद विरोधी अभियानको उद्देश्य हासिल गर्न इजरायली सुरक्षा बलले लगातार कारबाही गरिरहेको छ", विज्ञप्तिमा उल्लेख छ । जेनिनमा भएको अपरेसनमा १४ लडाकूको मृत्यु भएको, संदिग्ध ३० जनालाई पक्राउ गरेको, सडकमुनि राखिएका करिब ३० वटा विस्फोटक आफ्नै बुलडोजर प्रयोग गरिरहेको एएफपीका पत्रकारहरूले बताएका छन् ।

फर्किने बासिन्दाहरूको प्रारम्भिक चाल भीडमा परिणत भयो र चाँडै नै बालबालिकाहरू सडकमा खेल्न थाले । इजरायलले सन् १९६७ देखि पश्चिम किनारलाई कब्जा गरेको छ र उसका सेनाले नियमित रूपमा प्यालेस्टिनी समुदायमाथि आक्रमण गर्दछ । अक्टोबर ७ मा गाजामा युद्ध सुरु भएपछि इजरायली सेनाले पश्चिम किनारमा गरेको आक्रमणमा कम्तीमा छ सय ६१ प्यालेस्टिनीको मृत्यु भएको छ ।

# सुनिता विलियम्सलाई नलिई बोइङको स्टारलाइनर आइएसएसबाट पृथ्वीमा फर्कने



एएनआई

वासिङ्टन डिसी । बोइङको स्टारलाइनर अन्तरिक्ष यान शुक्रबार (स्थानीय समय) परिक्रमा गरिरहेको अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) बाट अलग भएको छ । उक्त यान अन्तरिक्ष यात्री सुनिता विलियम्स र बेरी विल्मोरलाई नलिई पृथ्वीमा फर्कने अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले बताएको छ ।

यानले शनिबार (स्थानीय समय) मा न्यु मेक्सिकोको ह्वाइट स्यान्डर्स स्पेस हार्बरमा अवतरण गर्ने लक्ष्य बनाएको छ । नासाका अन्तरिक्ष यात्री बेरी 'बुच' विल्मोर र सुनिता 'सुनी' विलियम्स जुन ५ मा बोइङको स्टारलाइनर अन्तरिक्ष यानमा आफ्नो पहिलो चालक दलको उडानका लागि जुन ६ मा अन्तरिक्ष स्टेसनमा पुग्नुभएको थियो । दुवै अन्तरिक्ष यात्री एउटै उडानबाट पृथ्वीमा फर्कने अपेक्षा गरिएको थियो ।

> स्टारलाइन परिक्रमा प्रयोगशालामा पुग्दा नासा र बोइङले हिलियम चुहावट र अन्तरिक्ष यान प्रतिक्रिया नियन्त्रण थ्रस्टर्समा समस्याहरू भएको पहिचान गरे ।

स्टारलाइन परिक्रमा प्रयोगशालामा पुग्दा नासा र बोइङले हिलियम चुहावट र अन्तरिक्ष यान प्रतिक्रिया नियन्त्रण थ्रस्टर्समा समस्याहरू भएको पहिचान गरे । त्यसैले अन्तरिक्ष यात्रीहरूको सुरक्षाका लागि नासाले अगस्ट २४ मा स्टारलाइनर चालक दलबिना स्टेसनबाट पृथ्वीमा फर्कने घोषणा गर्यो। बुच विल्मोर र सुनी विलियम्सले कार्गोका साथ स्टारलाइनर प्याकिङ र फिर्ताका लागि यसको क्याबिनलाई कनफिगर गर्ने काम पूरा गर्नुभयो ।

नासाले दुवै अन्तरिक्ष यात्रलाई चालक दलबिना प्रस्थानका लागि तयार गर्न बिहीबार दिउँसो अन्तिम पटक स्टारलाइनसको ह्याच बन्द गर्यो ।

विल्मोर र विलियम्स अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमै रहनुहुनेछ र नासाको स्पेसएक्स क्रु-९ मिसनका लागि नियुक्त अन्य दुई चालक दलका सदस्यसँग स्पेसएक्स ड्र्यागन अन्तरिक्ष यानमार्फत सन् २०२५ फेब्रुअरीमा घर फर्कनुहुनेछ ।

स्पेसएक्स र बोइङ दुवै व्यावसायिक विक्रेताहरू हुन् । यिनीहरूलाई नासाले अमेरिकी-प्रक्षेपण अन्तरिक्ष यात्रीहरूलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा पठाउन जिम्मेबारी दिएको छ ।

# मन्त्रिपरिषद् गठन गर्न फ्रान्सका नयाँ प्रधानमन्त्रीसामु पहिलो चुनौती

एएफपी

पेरिस । फ्रान्सका नयाँ दक्षिणपन्थी प्रधानमन्त्री मिसेल बार्नियरले दुई महिनाको राजनीतिक गतिरोधपछि संसद्मा बहुमत जुटाएर सक्षम सरकार बनाउन शुक्रबार सबै पक्षसँग परामर्श सुरु गर्नुभएको छ । हालै युरोपेली सङ्घ (इयु) को ब्रेक्सिट वार्ताकारका रूपमा काम गर्नुभएका ७३ वर्षीय पूर्वविदेशमन्त्री बार्नियर आधुनिक फ्रान्सको इतिहासमा सबैभन्दा वृद्ध प्रधानमन्त्री हुनुहुन्छ ।



आफूभन्दा आधा उमेरका मध्यमार्गी ३५ वर्षीय पूर्वप्रधानमन्त्री गेब्रियल अटालबाट पदभार ग्रहण गर्दै बार्नियरले 'नम्रतापूर्वक' आफ्नो नयाँ काम लिने वाचा गर्नुभयो । अटाल मुलुकको पहिलो खुला समलैङ्गिक प्रधानमन्त्री हुनुहुन्थ्यो । नयाँ प्रधानमन्त्री बार्नियरले शिक्षा, सुरक्षा र ' अध्यागमन नियन्त्रण' आफ्नो प्राथमिकतामा रहेको भन्दै मुलुकको ' वित्तीय ऋण' मा सत्य बोल्न नडराउने बताउनुभयो । यद्यपि उहाँले 'परिवर्तन' को पनि वाचा गर्नुभयो । आफ्नो मध्यमार्गी गठबन्धनले आकस्मिक निर्वाचनमा संसद्मा सापेक्ष बहुमत गुमाएपछि राष्ट्रपति इम्यानुएल म्याक्रोनले हप्तौंको गतिरोधपछि बार्नियरलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको थियो ।

युरोपेली निर्वाचनहरूमा अति दक्षिणपन्थीहरूले आफ्नो गठबन्धनलाई पराजित गरेपछि म्याक्रोनले जुनमा संसद् भङ्ग गर्दै निर्वाचन गराउने जोखिम उठाउनुभएको थियो । निर्वाचनमा वामपन्थी गठबन्धन फ्रान्सको सबैभन्दा ठूलो राजनीतिक शक्तिका रूपमा उदायो तर ऊसँग बहुमतका लागि आवश्यक सिट थिएन । यसको सट्टा मरिन ले पेनको आप्रवासनविरोधी अति दक्षिणपन्थी नेसनल र्याली (आरएन) इयुको दोस्रो सबैभन्दा ठूलो अर्थतन्त्र फ्रान्सको तल्लो सदनमा कुनै पनि विश्वासको प्रस्तावमा सबैभन्दा धेरै मतका साथ सबैभन्दा ठूलो पार्टी बन्यो । त्यसपछि तेस्रो स्थानमा म्याक्रोनको मध्यमार्गी समूह थियो ।

संसद्मा आरएनका सांसदहरूको नेतृत्व गर्नुहुने ले पेनले नयाँ मन्त्रिपरिषद्मा आफ्नो पार्टी सहभागी नहुने बताउनुभयो । यद्यपि बार्नियरलाई समर्थन गर्ने वा नगर्ने भन्नेबारे उहाँले संसद्सामु बार्नियरको पहिलो नीतिगत भाषणको प्रतीक्षा गर्ने बताउनुभयो ।

लामो समयसम्म आफूलाई अति दक्षिणपन्थीविरुद्ध सुरक्षा कवचका रूपमा प्रस्तुत गरेर म्याक्रोनले ले पेनलाई वास्तविक रूपमा किङमेकर बनाउनुभएको आलोचकहरूले बताएका छन् । विशेषगरी वामपन्थीहरूले प्रधानमन्त्रीका रूपमा बार्नियरको मनोनयप्रति आपत्ति जनाएका छन् र सम्भवतः तल्लो सदनमा उहाँलाई हटाउन खोज्नेछन् ।

वामपन्थी प्रधानमन्त्री बन्न खोज्ने ३७ वर्षीया अर्थशास्त्री लुसी कास्टेट्सले भन्नुभयो, "मलाई विश्वासघात भएको महसुस गरेका लाखौँ फ्रान्सेली मतदाताजस्तै म अत्यन्त क्रोधित छु ।" उहाँले बार्नियरविरुद्ध अविश्वासको प्रस्ताव पेस गर्ने वाचा गर्दै भन्नुभयो, "राष्ट्रपतिले आफूलाई आरएनसँग जोड्दै हुनुहुन्छ ।"नयाँ मन्त्रिपरिषद् गठनबारे छलफल गर्न आफ्नो रिपब्लिकन (एलआर) पार्टीका नेताहरूसँग कुरा गर्नुअघि बार्नियरले शुक्रबार अटालसँग भेट्दै हुनुहुन्छ । अटाल राष्ट्रपति म्याक्रोनको मध्यमार्गी टुगेदर फर द रिपब्लिक (इपिआर) समूहको नेता बन्नुभएको छ ।

# रासस मिडिया सङ्ग्रहालयप्रति आकर्षण बढ्दो



काठमाण्डु । राष्ट्रिय समाचार समिति (रासस)को केन्द्रीय कार्यालयमा स्थापित पहिलो मिडिया सङ्ग्रहालयको आकर्षण बढेको छ । मिडिया सङ्ग्रहालय सञ्चालन भएदेखि सरकारी उच्च अधिकारी, विज्ञ, सरोकारवालाले अवलोकन गरिरहेका छन् । यसैबीच सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिवद्वय गजेन्द्रकुमार ठाकुर र अनिलकुमार दत्तले शुक्रबार सङ्ग्रहालयको अवलोकन गर्नुभयो ।

सहसचिव एवंप्रवक्ता ठाकुरले सङ्ग्रहालयले राससको ऐतिहासिक पृष्ठभूमिदेखि हालसम्मको अवस्थालाई झल्काउने प्रयास गरेको बताउनुभयो । "मिडिया सङ्ग्रहालयमा रासस स्थापनाकालदेखिको समाचार, पत्रिका, प्रयोग गरिएका विद्युतीय औजार, उपकरण आदि प्रदर्शित छ", उहाँले भन्नुभयो, "यहाँको ऐतिहासिक पृष्ठभूमिदेखि हालसम्मको अवस्था झल्काउने प्रयास गरेकामा संस्थाप्रति आभार प्रकट गर्दछु ।"मन्त्रालयकै अर्का सहसचिव दत्तले राससले ऐतिहासिक विषयवस्तु र सामग्रीलाई सङ्ग्रहित गरेर राम्रो गरेकामा नेतृत्व र परिवारप्रति सराहना व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा राससले गर्ने हरकार्यमा मन्त्रालयको तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाउनुभयो ।

सहसचिव दत्तले सङ्ग्रहालय नयाँ पुस्ताका लागि अध्ययन, अनुसन्धानका लागि महत्त्वपूर्ण स्रोत हुने विश्वास व्यक्त गर्नुभयो । राससले एउटा कोठामा ६३ वर्षअघिको इतिहासलाई सङ्ग्रह गरी मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याएको हो । सङ्ग्रहालयको गत साउन ३२ गते सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उद्घाटन गर्नुभएको थियो । सङ्ग्रहालय अवलोकनकर्ता अधिकांशले राससले अतीत जगेर्ना गर्दै नेपाली पत्रकारिताको इतिहास अध्ययन, अनुसन्धान गर्ने नयाँ आयाम थपिएको प्रतिक्रिया दिएका छन् ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले राससले सञ्चालनमा ल्याएको मिडिया सङ्ग्रहालयले नेपालको पत्रकारिताको इतिहास, विकासक्रम र सञ्चारको विकास प्रक्रिया दुवैलाई बुझ्न र बुझाउन योगदान पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "झण्डै ३५ वर्षअघि पत्रकारिता सुरु गरेका हामीजस्तालाई त्यो जमानाका सामग्री हेर्ने अवसर पाउँदा रोमाञ्चक बनाउँछ । यसको अवलोकनले आफूलाई अतितको स्मरण पनि गरायो । राससलाई सफलता मिलोस शुभकामना छ ।"नेपाल न्यूजडटकमका सम्पादक राजु सिलवालले राससको मिडिया सङ्ग्रहालय प्रभावकारी लागेको बताउनुभयो । उहाँले पत्रकारिताका विद्यार्थीहरूले सङ्ग्रहालयबाट नेपालको पत्रकारिताको अवस्थाबारे अध्ययन गर्ने अवसर प्रदान गरेको बताउनुभयो ।

मधेसी पत्रकार समाजका अध्यक्ष मोहनकुमार सिंहले राससले सङ्ग्रहालय स्थापना गरेर संस्थाको इतिहास भावी पुस्ताका लागि बुझ्न र अध्ययन, अनुसन्धान गर्न उपयोगी बनाएको धारणा राख्नुभयो । "रासस सङ्ग्रहालयको अवलोकन गर्न पाउँदा गौरवको अनुभूति भएको छ । यो एउटा राम्रो प्रयत्न हो, यसले इतिहास बोकेको छ", उहाँले भन्नुभयो ।यो सङ्ग्रहालय नेपालको पहिलो मिडिया सङ्ग्रहालयका रूपमा रहेको राससले जनाएको छ । 'डिजिटल' युगमा आफूलाई समयानुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न, राससले प्रयास गरिरहेको छ । 'कन्टेन्ट' सुधार, समाचारमा गुणस्तर अभिवृद्धिका साथै सेवा विविधीकरण गरिरहेको छ ।

विसं २०१८ देखि मिडियासँग जोडिएका समाचारसम्बन्धी उपकरण सङ्कलन गरी सङ्ग्रहालयमा सङ्ग्रहित गरेको छ । रेडियो नेपालका निर्देशक पुष्करराज गौतमले रासस मिडिया सङ्ग्रहालयको अवलोकन गर्दा नेपालको इतिहासमा मिडियामा प्रयोग भएका ऐतिहासिक उपकरण र दस्तावेजहरुको जानकारी प्राप्त गरेको बताउनुभयो । उहाँले सङ्ग्रहालयको थप विस्तारमा जोड दिनुभयो । राससको सङ्ग्रहालयमा विभिन्न ४६ प्रकारका सामग्री राखिएका छन् । त्यसमा रेडियो, टेलिभिजन, टेलिप्रिन्ट, राससका प्रकाशन सामग्री, पुराना माइकलगायत छन् । रासस स्थापनाको ६३ वर्ष पुगेका अवसरमा प्रयोग गरिएका प्रविधि, उपकरण, सामग्री, समाचारको इतिहास र प्रकाशन सङ्ग्रहालयमा उपलब्ध छ ।

राससले सेवालाई क्रमशः विविधिकरण गरिरहेको छ । नेपाली समाचारबाट सुरु भएको राससको सेवा अहिले अङ्ग्रेजी र अन्तर्राष्ट्रिय समाचार, फिचर/आलेख/विचार, फोटो, भिडियो, अडियो हुँदै विसं २०८० माघदेखि अवधि भाषामार्फत मातृभाषाको समाचार सेवा सुरुआत गरेको छ । राससले ६३ वर्षे इतिहासमा पहिलोपटक यही भदौ १७ गतेदेखि नेपाली समाचारको चौबिसै घण्टा सेवा सुरु गरेको छ ।रासस

# यस्तो छ विनिमय दर




काठमाण्डु । बिहीबारको तुलनामा शुक्रबार अमेरिकी डलर, युरो र पाउण्ड स्टर्लिङको भाउ बढेको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको विदेशी मुद्राको विनिमय दरका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ०८ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६८ पैसा रहेको छ । बिहीबार यस मुद्राको एकको खरिदर एक सय ३४ रुपैयाँ ०५ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६५ पैसा थियो ।

त्यसैगरी बिहीबार युरोपियन यूरो एकको खरिददर एक सय ४८ रुपैयाँ १६ पैसा र बिक्रीदर एक सय ४८ रुपैयाँ ८२ पैसा कायम भएको थियो भने आज एकको खरिदर एक सय ४८ रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय ४९ रुपैयाँ ६० पैसा कायम भएको छ । बिहीबार युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ८० पैसा र बिक्रीदर एक सय ७६ रुपैयाँ ५९ पैसा रहेको थियो भने शुक्रबार एकको खरिददर एक सय ७६ रुपैयाँ ६४ पैसा र बिक्रीदर एक सय ७७ रुपैयाँ ४३ पैसा कायम भएको राष्ट्र बैंकले जनाएको छ ।

स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५८ रुपैयाँ ४७ पैसा र बिक्रीदर एक सय ५९ रुपैयाँ १८ पैसा, अस्ट्रेलियन डलर एकको खरिददर ९० रुपैयाँ २४ पैसा र बिक्रीदर ९० रुपैयाँ ६५ पैसा निर्धारण गरिएको छ । क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ २५ पैसा र बिक्रीदर ९९ रुपैयाँ ७० पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रुपैयाँ ०३ र बिक्रीदर एक सय तीन रुपैयाँ ४९ पैसा कायम भएको छ ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ३४ पैसा र बिक्रीदर नौ रुपैयाँ ३९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९० पैसा र बिक्रीदर १८ रुपैयाँ ९८ पैसा कायम छ । राष्ट्र बैंकका अनुसार साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७२ पैसा र बिक्रीदर ३५ रुपैयाँ ८८ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९५ पैसा कायम भएको छ । थाई भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर चार रुपैयाँ रहेको छ भने युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६७ पैसा रहेको छ ।

मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ९१ पैसा र बिक्रीदर ३० रुपैयाँ ०५ पैसा, साउथ कोरियन वन एक सयको खरिददर १० रुपैयाँ ०५ पैसा र बिक्रीदर १० रुपैयाँ ०९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ०७ पैसा र बिक्रीदर १३ रुपैयाँ १३ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ९६ पैसा र बिक्रीदर २० रुपैयाँ ०५ पैसा छ ।

हङकङ डलर एकको खरिददर १७ रुपैयाँ २० पैसा र बिक्रीदर १७ रुपैयाँ २८ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३९ रुपैयाँ १३ पैसा र बिक्रीदर चार सय ४१ रुपैयाँ १० पैसा छ भने बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ७० पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ २९ पैसा कायम भएको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाइएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# चालु आवको बजेट ल्याउँदै सुदूरपश्चिम सरकार

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेश सरकारले यही भदौ २५ गतेसम्ममा चालु आर्थिक वर्ष २०८१/८२ को बजेट ल्याउने तयारी गरेको छ । यसअघिको सरकारले ल्याएको बजेटलाई परिमार्जन गरेर अर्को बजेट ल्याउने तयारी अन्तिम चरणमा पुगेको आर्थिक मामिला मन्त्रालयका सचिव झलकराम अधिकारीले जानकारी दिनुभयो ।




उहाँले भन्नुभयो, "बजेट तयारीका क्रममा मन्त्रालयस्तरमा भइरहेको छलफल शुक्रबार सकिन लागेको छ, राजनीतिक समझदारीको विषय भएकाले यही भदौ २५ गतेभित्र बजेट आउँछ भन्ने छ ।"

नयाँ सरकारका प्राथमिकतालाई सम्बोधन गर्नेगरी परिमार्जन गरेर बजेट ल्याउने तयारी भइरहेको जनाइएको छ । बजेट तयारीसँगै विनियोजन विधेयक र आर्थिक विधेयक परिमार्जनका विषयमा छलफल भइरहेको छ । बजेट कार्यक्रमका सिद्धान्त, नीति, प्राथमिकता भने यसअघिकै सरकारका पालामा प्रदेशसभाबाट पारित भइसकेकाले त्यसैमा टेकेर अर्को बजेट ल्याउन लागिएको हो ।

निवर्तमान मुख्यमन्त्री दीर्घबहादुर सोडारी नेतृत्वको सरकारले गत असार १ गते प्रदेशसभा प्रस्तुत गरेको चालु आव २०८१/८२ को बजेटलाई कमलबहादुर शाह नेतृत्वको वर्तमान सरकारले परिमार्जन गरेर अर्को बजेट ल्याउन लागेको हो । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का नेता सोडारी नेतृत्वको तत्कालीन सरकारले प्रदेशसभामा प्रस्तुत गरिसकेको बजेटमाथि छलफल गर्न ढिलाइ भइरहेकै बेला सत्ता समीकरण फेरबदल भएर नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सरकारबाट समर्थन फिर्ता लिएसँगै उक्त बजेट पारित नभई अलपत्र परेको थियो ।

जसका कारण साउन १ गतेदेखि सरकारको राजस्व सङ्कलन र खर्च गर्नेलगायतका काम ठप्प भएको थियो । नेपाल काङ्ग्रेसका नेता शाह नेतृत्वको नयाँ सरकारले अध्यादेश ल्याएर राजस्व सङ्कलन कार्य सुरु गरिसकेको भए पनि बजेट शून्यताको अवस्था अझै हटेको छैन । प्रदेश सरकार बजेटविहीन हुँदा कर्मचारीको तलब भत्ता, सञ्चालन खर्चलगायतमा दुई महिनादेखि भुक्तानीको समस्या भइरहेको छ ।


अहिले सबै खर्च उधारोमा चलिरहेको छ । अस्पतालको सेवासमेत उधारोमा सञ्चालन भइरहेको छ । केन्द्रमा बनेको समीकरणअनुसार काङ्ग्रेसका नेता शाहको नेतृत्वमा साउन २२ गते नयाँ सरकार गठन भएको थियो । सोडारी नेतृत्वको तत्कालीन सरकारले चालु आव २०८१/८२ का लागि रु ३१ अर्ब ३२ करोड ९८ लाखको बजेट प्रदेशसभामा पेश गरेको थियो । योमध्ये चालुतर्फ रु ११ अर्ब सात करोड १९ लाख र पुँजीगततर्फ रु १७ अर्ब ५३ करोड आठ लाख छुट्याइएको थियो ।

अब रु ३० अर्ब हाराहारीको बजेट ल्याउने तयारी गरिएको छ । मन्त्रालयका सचिव अधिकारीले थप्नुभयो, "यो बजेट सन्तुलित आउँछ, महत्वाकाङ्क्षी बजेट हुँदैन ।" बजेट परिमार्जन गर्दा रु २१ अर्बको बजेटमा परिमार्जन गर्ने सम्भावना नरहेको बताइएको छ । बाँकी रु आठ अर्बको बजेटलाई आवश्यकतानुसार परिमार्जन गर्न लागिएको छ ।

साबिकमा ल्याइएको बजेटमध्ये चालु खर्चसहित बहुवर्षीय, क्रमागत, समपूरक, सशर्त, गौरवका लगायत आयोजनाको रु २१ अर्बको बजेटमा परिमार्जनको सम्भावना नरहेको बताइएको छ । योजनाहरूमा विगतमा देखिने गरेको बिचौलियाको प्रभाव हुन नदिन प्रदेश सरकारका योजनामा रु २५ लाखभन्दा कम रकमका योजना नराख्ने मापदण्ड बनाइएको छ ।परिमार्जित बजेटमा कुनै व्यक्ति, निजी फर्म, सहकारी, संस्थालाई तोकेर बजेट विनियोजन नगर्ने र उपभोक्ता समितिमार्फत योजनाको कार्यान्वयन नगर्ने मापदण्ड पनि बनाइएको छ ।रासस

> अब रु ३० अर्ब हाराहारीको बजेट ल्याउने तयारी गरिएको छ । मन्त्रालयका सचिव अधिकारीले थप्नुभयो, "यो बजेट सन्तुलित आउँछ, महत्वाकाङ्क्षी बजेट हुँदैन ।" बजेट परिमार्जन गर्दा रु २१ अर्बको बजेटमा परिमार्जन गर्ने सम्भावना नरहेको बताइएको छ । बाँकी रु आठ अर्बको बजेटलाई आवश्यकतानुसार परिमार्जन गर्न लागिएको छ ।

# विद्युत् उपयोग गर्ने ग्राहक बढे



दमौली । तनहुँ जिल्लामा विद्युत् उपयोग गर्ने ग्राहक बढेका छन् । नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्र मातहत ५१ हजार सात सय १७ ग्राहक पुगेका छन् । आर्थिक वर्ष २०८०/८१ मा एक हजार तीन सय ४५ ग्राहक संख्या वृद्धि भएको वितरण केन्द्रले जनाएको छ ।

गार्हस्थ्यतर्फ एक हजार दुई सय २५, गैरव्यापारिकतर्फ २१, औद्योगिकतर्फ दुई, सिँचाइतर्फ ४०, खानेपानीतर्फ १८, चार्जिङ स्टेशनतर्फ दुई, सडक बत्तीतर्फ २४, मन्दिरतर्फ आठ र अन्यतर्फ १२ ग्राहक वृद्धि भएको वितरण केन्द्र प्रमुख विजय रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार गार्हस्थ्यतर्फ ४९ हजार ३०, गैरव्यापारिकतर्फ पाँच सय ४६, व्यापारिकतर्फ तीन सय ४०, औद्योगिकतर्फ सात सय ७६, सिँचाइतर्फ तीन सय ५६, खानेपानीतर्फ एक सय ८८, चार्जिङ स्टेशनतर्फ दुई, सडक बत्ती एक सय ६९, मन्दिरतर्फ दुई सय तीन, अन्य एक सय सात ग्राहक पुगेका छन् ।

वितरण केन्द्रले सो अवधिमा पाँच करोड ४० लाख ५९ हजार दुई सय १२ युनिट बिक्री गरेको छ । यो अघिल्लो आर्थिक वर्ष २०७९/८० को तुलनामा ५ दशमलव ९३ प्रतिशतले बढी हो । यसक्रममा पाँच करोड १० लाख ३२ हजार चार सय ८९ युनिट विद्युत बिक्री भएको थियो । कार्यालयले आव २०८०/८१ मा रु ५३ करोड ९४ लाख ३१ हजार छ सय १३ को विद्युत् बिक्री गरेको छ । आव २०७९/८० मा रु ४८ करोड ७७ लाख ३८ हजार सात सय ७६ को विद्युत् बिक्री भएको थियो ।

केन्द्रले त्यस वर्ष ७ दशमलव ९२ प्रतिशत विद्युत् चुहावट नियन्त्रणको लक्ष्य राखेकामा १२ दशमलव ७९ प्रतिशत विद्युत् चुहावट नियन्त्रण भएको रेग्मीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विद्युत् चुहावट नियन्त्रणलाई प्राथमिकतामा राखेका छौँ । हुकिङ, मिटर वाइस छैन । वायरलस, लिकेज, रुख हाङ्गा, भोल्टेज ड्रप, ट्रान्सफर्मर लस नियन्त्रणमा आएको छ ।"विद्युत् चुहावट नियन्त्रणका लागि केन्द्रले नचलेका मिटर निःशुल्क परिवर्तन, नाङ्गो तार हटाइ केबल विस्तार, कन्डक्टर साइज स्तरोन्नति, ट्रान्सफर्मर लोड सेन्टर थपलगायतका कार्य गरेको उहाँको भनाइ छ ।

वितरण केन्द्र तनहुँको कार्यक्षेत्र तनहुँसहित कास्की र लमजुङ जिल्लासमेत पर्दछ । केन्द्रले व्यास नगरपालिकाका सबै वडाहरु, बन्दीपुर र आँबुखैरेनी गाउँपालिकाका सबै वडाहरु, भानु नगरपालिका-९, १०, ११ बाहेक सबै वडा, देवघाट गाउँपालिका-१, २, ३, ४ र ५ वडा, ऋषिङ गाउँपालिकाका सबै वडा, म्याग्दे गाउँपालिकाका सबै वडा, लमजुङको मध्यनेपाल नगरपालिकाका-१, २, ३, ४, ५ र कास्कीको रुपा गाउँपालिका ३ र ४ हो ।

कार्यालयले मुख्य कार्यालयसहित १३ उपवितरण तथा सेवा केन्द्रबाट सेवा प्रवाह गरिरहेको छ । रासस

## डढेलोको असरः
# देखिन छाडे जङ्गलमा जनावर

गलेश्वर । वन फडानी रोकिएपछि घना बन्दै गएका म्याग्दीका सामुदायिक वन र खोरियामा गत फागुनदेखि जेठसम्म लागेको डढेलोका कारण जङ्गली जनावर देखिन छाडेका छन् ।

डढेलोका कारण जङ्गल उजाडिएपछि चराचुरुङ्गीको कोलाहल र चिरबिर सुनिन छाडेको स्थानीयले बताएका छन् । डढेलोका कारण वन नष्ट भएपछि वनमा पस्ने बित्तिक्कै सुनिने चराचुरुङ्गीको चिरबिर सुनिन छाडेको मालिका गाउँपालिका-१ निस्कोटका राम पुनले बताउनुभयो । "रङ्गीविरङ्गी चरा र वन्यजन्तुको चहलपहल हुन छाड्दा वनको रौनक घटेको छ, पहिला जङ्गलमा देखिने जनावर अहिले गाउँका खेतबारी र सडक छेउमा देखिन थालेका छन्", उहाँले भन्नुभयो ।

जङ्गलमा डढेलो लागेयता चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल देखिन छाडेको मालिका गाउँपालिका-६ उपल्लो दुखुका यमन पुनले बताउनुभयो । "डढेलो लागेपछि वन क्षेत्र वर्षापछि पनि कालो देखिएको छ । जङ्गलमा कुनै चहलपहल छैन । जङ्गली जनावर गाउँ पसेर दुःख दिन थालेका छन्", पुनले भन्नुभयो ।जङ्गलमा डाँफे, कालिज, चिबे, तित्रा, कटुके चरा, लामपुच्छ्रेलगायत पक्षी देखिन छाडेका बेनी नगरपालिका-३ भकिम्लीका तेजबहादुर घर्तीले बताउनुभयो । घर्तीले भन्नुभयो, "अचेल यी चरा देखिँदैनन् ।" वनमा बाक्लै भेटिने खरायो, दुम्सी, फ्याउरो र स्याल पनि हराएको उहाँले बताउनुभयो ।

समुदायको जिम्मामा रहेका सामुदायिक वनमा काठ, दाउरा, घाँस र स्याउला फडानी रोकिएपछि म्याग्दीका सामुदायिक वन हराभरा भएका थिए । वन क्षेत्र हराभरा र घना बन्दै गएपछि जङ्गली जनावर वृद्धि भएको थियो । डढेलोले जङ्गल सखाप पारेपछि गाउँमा झन् बढी जङ्गली जनावर पसेर दुःख दिन थालेका मालिका गाउँपालिका-१ निस्कोटका टकबहादुर विक बताउनुहुन्छ ।

डिभिजन वन कार्यालय म्याग्दीका अनुसार गण्डकी प्रदेशका ११ जिल्लामध्ये गएको हिउँदमा डढेलोले सबैभन्दा बढी नोक्सान म्याग्दीमा पुर्‍याएको छ । डढेलोले म्याग्दीको करिब दुई हजार हेक्टर वन क्षेत्र ध्वस्त बनाएको छ । जिल्लाका मालिका, मङ्गला र बेनी नगरपालिकाका वनमा डढेलो लागेको थियो । आफ्नो बासस्थान वरपर डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तु कतिपय डढेलाको चपेटामा परी मरेका तथा अन्तै गएको हुनसक्ने मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोका बताउनुहुन्छ ।

डढेलोले वनका महत्त्वपूर्ण जडीबुटी सखाप भएका छन् । चराचुरुङ्गी, जीवजन्तु हराउनुका साथै बहुमूल्य जडीबुटी तथा काठ खरानी भएको छ । डिभिजन वन कार्यालयको अभिलेखअनुसार म्याग्दीको दुई लाख २९ हजार सात सय छ हेक्टर क्षेत्रफलमध्ये ३६ दशमलव ७६ प्रतिशत वन, एक दशमलव ८५ प्रतिशत झाडी, २१ दशमलव २७ प्रतिशत क्षेत्र चरन क्षेत्रले ओगटेको छ । रासस


मधेश प्रदेश सरकार
उद्योग, पर्यटन तथा वन मन्त्रालय
उद्योग विभाग

## घरेलु तथा साना उद्योग कार्यालय, सिरहा
सिरहा, नेपाल

## उद्यमी सृजना तथा सिप विकास कार्यक्रम अन्तर्गत नि:शुल्क सीप विकास तालिम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/५/२२)

यस कार्यालयको चालु आ.व. २०८१/०८२ मा सिप कार्यक्रम अन्तर्गत विभिन्न सिप मूलक तालिमहरु निःशुल्क रुपमा संचालन हुने भएकोले इच्छुक व्यक्तिहरुले तपसिलमा उल्लेखित तालिमहरुको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नको निम्ति सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

**तालिमको नाम**

(१) सिलाई कटाई । (६) अचार बनाउने
(२) मोटरसाईकल मर्मत । (७) बाँसको मुढा बनाउने ।
(३) लाहको चुरा बनाउने । (८) जेनरल इलेक्ट्रीकल तथा हाउस वायरिङ्ग
(४) दालबुट र भुजिया । (९) मोबाइल मर्मत ।
(५) डल र कुशन । (१०) चप्पल बनाउने ।

**दरखास्त साथ संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु ।**

१) नेपाली नागरिकता प्रमाण पत्रको फोटोकोपी-१
२) शैक्षिक योग्यताको प्रमाण पत्रको फोटोकोपी-१
३) अन्य जिल्लाको ना.प्र.भएमा बसाईसराई प्रमाण पत्रको फोटोकोपी-१
४) महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र वा नागरिकताको फोटोकोपी-१
५) उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्छ ।

कार्यालय प्रमुख

# सुत्केरी महिलाको मृत्यु, दोषी चिकत्सकलाई कारबाहीको माग

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिकामा एक सुत्केरी महिलाको मृत्यु भएको छ । सुत्केरी महिलाको मृत्युपछि स्वास्थ्य चौकीमा शुक्रबार दिनभर तनाव उत्पन्न भएको छ।




जिल्लाको गरुडा -५ शिवनगरस्थित स्वास्थ्य चौकीमा रहेको बर्थिङ सेन्टरमा एकजना सुत्केरी रमिता देवीको मृत्यु भएपछि अवस्था तनावग्रस्त बनेको छ। चिकित्सकको लापरबाहीले सुत्केरी महिलाको ज्यान गएको भन्दै शुक्रबार पीडित परिवारले अस्पताल घेराउ गरेपछि त्यहाँको अवस्था तनावग्रस्त बनेको छ । बर्थिङ सेन्टरमा अहिले भारी मात्रामा नेपाल र सशस्त्र प्रहरी तैनाथ गरिएको छ।

शिवनगरका अरबिन्द साहको श्रीमती वर्ष २५ की रमिता देवीलाई सुत्केरी व्यथा लागेर सुत्केरी गराउन सो स्वास्थ्य चौकीमा बिहीबार साँझ ल्याएकोमा सामान्य रुपमा सुत्केरी भएको थियो । सुत्केरी पछि बढी रक्तश्राव भएको कारण सुत्केरी महिलालाई थप उपचारको लागि शुक्रबार बिहान वीरगञ्जतर्फ रेफर गरिएको थियो। तर वीरगञ्जस्थित इन्डो नेपाल अस्पतालमा बिरामीको उपचारको क्रममा बिहान ९ बजे मृत्यु भएको रौतहट प्रहरीका प्रहरी उपरीक्षक दिलीप घिमिरेले जानकारी दिए।

सुत्केरी महिलाको मृत्यु पछि चिकित्सकको लापरबाहीका कारण मृत्यु भएको भन्दै स्वास्थ्य चौकी शुक्रबार दिनभर तनावग्रस्त बनेको थियो।

मृतक महिलाको शव राखेर पीडित आफन्तजनले दोषी चिकित्सकलाई कारबाहीको माग गर्दै प्रदर्शन गरेका छन्।

चिकित्सकको चरम लापरबाहीका कारण अत्यधिक रक्तस्राव भएर वीरगन्ज लैजाने क्रममा सुत्केरी आमाको मृत्यु भएको पीडित परिवारको आरोप छ।

# दुध किन्न तछाडमछाड

**टुडे समाचारदाता**

राजविराज। एकै दिन दुई वटा पर्व मनाउनु पर्दा धेरैलाई सास्ती भोग्नु परेको छ।

हुन त मिथिलाञ्चलमा चौरचन पर्व र तीज पर्व एकै दिन पर्न गएको संयोगका कारण सप्तरीमा शुक्रबार दूध किन्न तछाडमछाड नै भएको छ। चौरचन र हरितालिका तीज पर्व एकै दिन पर्दा यस पर्वमा प्रसाद तथा अन्य परिकारका लागि सर्वाधिक प्रयोग हुने दूध किन्न बिहानैदेखि डेरी उद्योग, दुध पसल तथा घुम्ती दूध गाडीबाट दुध किन्न उपभोक्ताहरुको तछाडमछाड चलेको छ।



शुक्रबार बिहान ६ बजेदेखि सुरु भएको सो क्रम करिब ६ घण्टासम्म चलेको थियो।

सदरमुकाम राजविराजमा मात्रै शुक्रबार करिब ५० हजार लिटर दुध खपत भएको अनुमान गरिएको छ।

राजविराज नगरको वडा ७ स्थित दुध हटिया, डेरी उद्योग, दुध पसल तथा महुलीस्थित दुग्ध उत्पादक सहकारी संघबाट दुध बोकेर आएको ४ वटा गाडीमा बिहानैदेखी उपभोक्ताको घुँइचो नै लागेको थियो।

महुलीबाट ६ सय लिटर दुध गाडीमा बोकेर आएका दुध बिक्रेता जयकिशोर यादवले आधी घण्टामै सबै दुध सकिएको बताए । उनले महुलीस्थित दुग्ध सहकारी संस्थाबाट ६/६ सय लिटर दुध बोकेर ४ वटा गाडी आएकोमा सबैको अधि घण्टामै दुध सकिएको बताए । दुध नपाएर अधिकांश उपभोक्ता रितो भाडोसहित निराश भई फर्केको अर्का दुग्ध व्यवसायी अजय झाले गुनासो गरे।

दुध बिक्री स्थलमा ओर्लेको भीड देखेर किन्ने हिम्मत जुटाउन नसकी रितो हात फर्केको राजविराज ४ का ६६ वर्षीय केदार गुप्ताले आफूले अहिलेसम्म यस्तो भीड कहिल्यै नदेखेको सुनाए।

राजविराज ७ का आयुर्वेदिक औषधी व्यवसायी रमाकान्त साहले पर्वत्यौहारमा जहिले पनि यहाँ दुध अपुग हुने गरेको बताए । आवश्यकता अनुसार दुध उत्पादन हुन नसक्दा विशेषगरी पर्व त्यौहारका बेला दुधका लागि उपभोक्ताबीच तछाडमछाड चल्ने गरेको दुध व्यवसायी बोधराज पोखरेलको भनाइ छ।

राजविराज नगर क्षेत्रमा मात्रै ३ वटा डेरी उद्योग संचालनमा छ । नगरका विभिन्न वडा तथा आसपासका गाउँबाट पनि साइकल र मोटरसाइकलमा दुधको ग्यालेन बोकी बिक्रिका लागि पशुपालक किसानहरु आउने गर्छन्। यस बाहेक महुलीस्थित दुग्ध उत्पादक सहकारी संघबाट पनि दैनिक ६/६ सय लिटर दुध बोकेर ४ वटा गाडी भित्रिने गरेको छ। तर पनि माग अनुसारको दुध पुऱ्याउन नसकेको दुग्ध उत्पादक तथा बिक्रेता किसानहरु बताउँछन्।

दुध उत्पादन वृद्धिका लागि यस पेशामा लागेका पशुपालक र किसानहरुलाई प्रोत्साहनका लागि राज्यद्वारा विभिन्न कार्यक्रम ल्याइनु पर्ने उनीहरुको सुझाव दिएका छन्।

यता दुध अभावको मौका छोपेर केही बिक्रेताले दुधमा पानी र पाउडर मिसावट गरी मनपरी मुल्य समेत वसुलेको भन्दै स्थानीय उपभोक्ताले चाँडपर्वका बेला प्रसादका रुपमा अत्यधिक प्रयोग गरिने दुधको गुणस्तर जाँच तथा फलफुलको मुल्य बारे पनि अनुगमन हुनुपर्ने माग गरेका छन्।

# अखिल क्रान्तिकारी सप्तरी अध्यक्षमा राम

**टुडे समाचारदाता**

राजविराज । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) सप्तरीको अध्यक्षमा कृष्णकुमार रामलाई चयन गरिएको छ।



अनेरास्ववियु क्रान्तिकारीको राजविराजमा सम्पन्न भएको ७ औं जिल्ला सम्मेलनबाट रामको अध्यक्षतामा २५ सदस्यीय जिल्ला समिति निर्विरोध चयन गरिएको छ।

सो समितिको उपाध्यक्षमा द्वय विकास मण्डल, कञ्चन ठाकुर, सचिवमा सन्तोष मन्डल, सहसचिवमा द्वय अभय यादव, रकिराज चौधरीलाई चयन गरिएको छ।

त्यस्तै समितिको सदस्यहरुमा प्रवेसराज आर्याल, पिंकी मण्डल, बबिता मण्डललगायत रहेका छन्।

रञ्जित मण्डलको अध्यक्षतामा तथा अनेरास्ववियू (क्रान्तिकारी) का केन्द्रीय उपमहासचिव तथा मधेश प्रदेश इन्चार्ज अनिल भगतको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा मविव क्याम्पस राजविराजका स्वविवु सदस्य राकेश यादव, अखिल क्रान्तिकारी सप्तरीका पूर्व जिल्ला अध्यक्ष गजेन्द्र यादवलगायतकाहरुको उपस्थितिाम सम्मेलन सम्पन्न भएको थियो।

अनेरास्वविवू (क्रान्तिकारी) को २३ औं राष्ट्रिय सम्मेलन आगामी असोज २, ३, ४, ५ र ६ गते काठमाण्डुमा र मधेश प्रदेशको प्रादेशिक सम्मेलन आउँदो भदौं २७ र २८ गते महोत्तरीको बर्दिवासमा हुने भएको छ।

# अराजक ई-रिक्सा चालक, गैरजिम्मेवार ट्राफिक प्रहरी

ब्लग :



**श्यामसुन्दर शशि**

दुई शब्दचित्रबाट आजको विषय प्रवेश गर्नचाहैं-दृश्य- १. स्थान : सीता चौक, मिति : २०८१ सालभदौं २१ गते शुक्रबार, समय मध्यान्ह १२ बजे ।सीता चोकदेखि पूलचौक जाने बाटोमा दायाँ-बायाँयदुकुहा, खरिहानी, सिमराढी आदि पूर्व चल्ने यात्रुवाहक बस, जीप, हायस आदि सवारीसाधन पार्किङ गरिएका छन् । सडकको दुवै किनारामा भाडाका सवारी साधन पार्किङ गरिएकालेपैदल, मोटरसाइकल, जीप, कार आदिमा यात्रा गर्ने सर्वसाधारणहरु सडकको बीच बाट हिड्नुपर्ने बाध्यता छ । वर्षाको पानीले हिल्लामय सडकको बीच भागबाट आउजाउ गर्नु परेका वृद्ध-वृद्धा,स्कूले विद्यार्थी तथा सर्वसाधारण वाक्कदिक्क छन्। एक जना वृद्ध चिप्लेर लडेका छन् ।उनलाई सहयोग गर्न कुनै चालक र सहचालक अघि आउँदैनन्।

धन्य एक जना मोटरसाइकल चालकहिलोमै बाइक रोकेर बिचरालाई सडक पार गराए ।सीता चोकदेखि मिल्सएरिया जाने बाटोकोअवस्था यस भन्दा पनि भद्रगोल छ। सडकको दुवैतिर ई-रिक्सा पार्किङ गरिएका छन् । केहीचालकबीच सडकमै ई-रिक्सा रोकेर गफिदै छन् । केही यात्रीसंग मोलमोलाई गर्दै छन्।सर्वसाधारणलाई आउजाउ गर्न बाटो छैन । बीच सडकमा ई-रिक्सा किन रोकेको ? भन्नेसवालको जवाफमा चालक हाकाहाका भन्छन्- 'सडक केकरो बापके नइ है....। जत' मन होतैतत रोकबै ।' अर्थात् सडक कसैको बाउको होइन । जहाँ मन लाग्छ, त्यहीँ रोक्छु ।सीता चोकभन्दा पूर्व र पश्चिम यात्रुबाहकबस, हायस र ई-रिक्साका चालकहरुको गुण्डागर्दी चल्दै गर्दा धनुषा ट्राफिकका जवानहरु जनकपुरधामछिर्ने र निस्किने नाकाहरुमा धराप थापेर शिकारको खोजीमा थिए । ट्राफिक प्रहरीकोप्राथमिकता सडक व्यवस्थापनभन्दा पनि लाइसेन्स, ब्लुबूक, हेलमेट चेक गर्ने, दुई भन्दाअधिक यात्रु सवार मोटरसाइल रोक्ने अनि घोषित अघोषित जरिवाना तिराउँने हो। दृश्य- २. स्थान : जनक मन्दिर, मिति २०८१ भदौं२० गते बिहीबार, समयः पूर्वान्ह १० बजे जानकी मन्दिरतिरबाट एक साथ पाँचवटा ई-रिक्साआउँछ । रिक्सामा दक्षिण भारतमा तीर्थयात्रीहरु सवार थिए।

सबै प्रौढ र सुसंस्कृत । बढीअंग्रजी बोल्ने। अलि अलि हिन्दी बोल्न जान्ने । यात्रीहरु ज्नक मन्दिरमा पूजा पाठ गर्न थालेपछि,ई-रिक्सा चालकहरुमा झगडा सुरु हुन्छ। एकले भन्छ- भाडा भारतीय रुपैयाँमा लिनु पर्दछ ।अर्कोले भन्छ-भाडा नेपाली रुपैयाँमा तय भएको छ भने भारतीय रुपैयाँमा कसरी लिन्छौ? तेश्रोले भन्छ- भाडा तय गर्ने बेला रुपैयाँ मात्र भनेका हौं । भारतीय नेपालीभनेका छैनौं। पूजा सकेर तीर्थ यात्रीहरु आ-आफ्ना ई-रिक्सामा सवार हुन्छन् ।गञ्जी लगाएका, हाफ पेन्ट माथि कूर्ता भिडेका, बिडी फुक्दै, खैनी मल्दै गरेकाई-रिक्सा चालकहरु गन्त्व्यतर्फ प्रस्थान गर्छन् । भारतीय तीर्थयात्रीहरुका लागि मिथिला नगरीजनकपुरधाम पहिलो गन्तव्य हो । नेपालमै सबभन्दा बढी भारतीय पर्यटक आउने नगरजनकपुरधाम नै हो । यसका अतिरिक्त यहाँ तेश्रो मुलुकबाट पनि पर्यटकहरु आउँछन् ।नगर बसको सुविधा नभएको कारण देशीविदेशी पर्यटकहरुको पहिलो रोजाइ वा बाध्यता ई-रिक्सा नै हो। तर ई-रिक्सा व्यवस्थित छैन। ई-रिक्सा स्टेण्ड छैन। चालकलाई जहाँ मन लाग्छ,त्यहाँ रोक्छ। यात्री बसाउँछ अनि मोल मोलाइ गर्छ। जनकपुरधाम उपमहानगरपालिकालेई-रिक्साको दररेट कायम गरेको हो भने पालिकाको पाइलमा होला।



यात्रीहरुले चालकलेभनेकै दररेटमा यात्रागर्नु पर्ने बाध्यता छ। ई-रिक्साको दर्ता कहाँ हुन्छ ? मैले धेरैअघिदेखि जान्न खोजेको हुँ। एक थरीले भने यातायात कार्यालयमा, जनकपुरधाम उपमहानगरपालिकाकाएकअधिकृतले भने- नगरपालिकामा । बुझ्दै जाँदा केही ई-रिक्सा जनकपुरधाम उपमहानगरपालिकालेपनि दर्ता गरेको बुझियो । फेरी ई-रिक्सा चालकलाई लाइसेन्स चाहिन्छ कि चाहिन्न ?काठमाण्डू, पोखरा मात्र होइन, अधिकांश भारतीय नगरहरुमा टेक्सी, ई-रिक्सा चालकहरुकालागि ड्रेसकोड निर्धारित गरिएको हुन्छ । शिष्टाचार सम्बन्धी थोर बहुत तालिम पनि दिइएकोहुन्छ । अब भन्नोस्- गञ्जीमा सजिएका, हाफ पेन्टमाथि कूर्ता भिरेका तथा बिडीसिगरेटको दम्म लगाउँदै रिक्सा तान्दै गरेका लाइसेन्स विनाको ई-रिक्सा चालकहरुलेजनकपुरधामको कस्तो छवि बनाउँदा होलान् । ट्राफिक प्रहरीको काम यातायातको व्यवस्थापन हो। यस भित्र लाइसेन्सदेखि हेलमेटसम्म तथा तीब्रगति देखि मध्यम गतिसम्मको चेकजाँच पर्दछ । तरदुर्भाग्य धनुषा ट्राफिकका जवानहरु राजस्व असुलीलाई प्राथमिकता दिएको छ। जनकपुरधामउपमहानगरपालिका ई-रिक्साको दर्तासम्मै सिमित छ। पार्किंग व्यवस्थापन तथा दररेट अनुगमनतर्फध्यान दिएको छैन।


## पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं ।

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढी, धमिलो तथा वर्षातको पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने टयाङ्की समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी टयाङ्की, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## आवश्यकता सम्बन्धी सूचना

विगत ३ वर्षदेखि पन्चगव्य तथा आयुर्वेदको क्षेत्रमा काम गर्दै आएको जनकधाम अन्तर्गतको क्षीरेश्वरनाथ – ०८, दिगम्बरपुर स्थित गीर गौशला प्रा.लि. मा अनुभवी वा अनुभव नभएका लागि रोजगारीको सुनौलो अवसर

| पद | संख्या | योग्यता | पारिश्रमिक |
|---|---|---|---|
| Production Manager | २ | BAMS/ आयुर्वेद तथा पन्चगव्य सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तिर्ण | संस्थाको नियम अनुसार।(योग्य आवेदकलाई पारिश्रमिकको कुनै सीमा नरहेको) |
| Assistant Production Manager | २ | आयुर्वेद तथा पन्चगव्य सम्बन्धित विषयमा प्रविणता /(१०+२) वा सो सरह उत्तिर्ण | |
| Production Helper | २ | सामान्य लेखपढ | |
| Marketing Manager | २ | स्नातक वा सो सरह उत्तिर्ण | |

सम्पर्क व्यक्ति : कौशलेन्द्र कुमार झा

सम्पर्क नं. : ९८५४०७२७२०








जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८